# अध्याय- एक

# शोध-परिचय

## १.१ पृष्ठभूमि

भाषा विचार विनिमयको सशक्त माध्यम नै हो । निश्चित व्यवस्था र नियमको सीमामा आवद्ध हुनु भाषाको विशिष्ट विशेषता हो । विभिन्न विद्वान्हरूले बेलाबखतमा आ-आफ्नै तरिकाले भाषाका वारेमा आ-आफ्ना मतहरू सार्वजनिक गरे पनि मानव समूदायमा सरल, ठोस एवं सार्थकतवरले विचार प्रेषणको काम गर्ने यादृच्छिक वाक्प्रतीकहरूको व्यवस्था नै भाषा हो भन्न सकिन्छ । उत्तेजनाको प्रतिक्रियास्वरूप निश्चित ढाँचाका सीमित-असीमित वाक्यहरू समुच्चय भाषामा हुन्छ । विश्व मानचित्रमा १,४७,१८१ वर्ग कि.मि. क्षेत्रफल ओगटेको नेपाल भौगोलिकरूपमा सानो भए पनि भाषिकरूपमा ठूलो छ । विश्वमा अस्तिवमा रहेका भारोपेली, द्रविड, चीनी या एकाक्षरी, सेमेटिक-हैमेटिक, यूराल-अल्टाइक, काकेशियन, जापानी कोरियाई, मलय-पाँलिशियन, आस्ट्रो-एसियाटिक, बुशमैन, बांटू, सूडान र अमेरिकी परिवार गरी जम्मा १३ भाषा परिवारमध्ये भारोपेली, भोटचिनियाँ (भोटबर्मेली, चीनी या एकाक्षरी तिव्वती), आग्नेली ( आस्ट्रिक) र द्रविड गरी चार परिवारका भाषा मात्र नेपालमा बोलिन्छन् । नेपाल बहुभाषिक राष्ट्र हो ।

नेपालको संविधानले नेपाली भाषालाई राष्ट्रभाषा र अन्य मातृभाषालाई राष्ट्रिय भाषा मान्दै आएकोमा अन्तरिम संविधान २०६३ ले भने नेपाली भाषालाई सरकारी कामकाजको भाषा भनेको छ । भारतले भारतीय संविधानको आठौं अनुसूचीमा सूचीकृत १८ भाषामध्ये १८ औं संविधान संशोधनबाट नेपाली भाषालाई समेत समावेस गरेको छ । (घोष, २००३:पृ.के,२१७) २०५८ सालको जनगणनाअनुसार ४८.९८ प्रतिशत नेपालीले नेपालमा नेपाली भाषा मातृभाषाको रूपमा बोल्छन् । त्यस्तै १,२८६,८२४ जनाले भारतमा नेपाली भाषा बोल्छन् । (घोष, २००३:पृ.के,२१६) नेपालीहरू बहुभाषी, बहुसांस्कृतिक सम्पदा भएका जाति भनेर विश्वमा चिनिएका छन् । यही विविधतामा नै नेपालको राष्ट्रियता अडेको छ । आ-आफ्नै परम्परा एवं सांस्कृतिक पहिचान बोकेका भाषालाई राष्ट्रिय पहिचान दिएर नेपालको संविधानले मातृभाषाहरूलाई राष्ट्रका अमूल्य निधिका रूपमा स्विकारेको छ । विशेष गरी नेपाल र भारतमा स्वतन्त्र एवं सम्भ्रान्त भाषाको रूपमा परिचित मैथिली भाषा नेपालको दोस्रो ठूलो भाषा हो । २०५८ सालको जनगणनाअनुसार १२.४ प्रतिशत नेपालीले मैथिली भाषालाई मातृभाषाको रूपमा बोल्दछन् । भारतमा भने ६,१२१,९२२ जनाले मैथिली भाषा बोल्छन् । (घोष, २००३:पृ.के,२१६) भारतले मैथिली भाषालाई पनि संविधानको आठौं अनुसूचीमा राखेको छ । (अर्पण, २०१०:पृ.३)

विशेष गरी महोत्तरी, सर्लाही, धनुषा, सिराहा र सप्तरी जिल्लामा मैथिली भाषा बोलिन्छ । मिथिला क्षेत्रको पूर्व, पश्चिम, उत्तर, दक्षिण क्रमशः कोशी, गण्डकी, हिमालय, गङ्गा नदीले घेरेको ५५,९७० वर्ग कि.मि. क्षेत्रफलमा मैथिली भाषा बोलिन्छ । चम्पारण, मुजफ्फरपुर, दरभङ्गा, मुङ्गेर, भागलपुर, पूर्णियाका केही क्षेत्र र नेपालका दक्षिणी तराई भागका केही जिल्लामा मैथिली भाषा बोलिन्छ । (झा, १९९१:पृ.१) प्राथमिक विद्यालयदेखि विश्वविद्यालयसम्म नेपाल र भारतमा मैथिली भाषा पठनपाठन हुन्छ । नेपाल सरकारले मैथिली भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र सम्बर्द्धनका लागि रू. एक करोडको अक्षयकोष गरी विद्यापति पुरस्कारको घोषणा गरेको छ । यसबाट पनि मैथिली भाषाको समुन्नतिमा ठोस योगदान पुग्न सक्छ । मैथिली भाषालाई बंगाली र हिन्दी भाषाको उपभाषिकाको रूपमा सम्बन्धित भाषाका विशेषज्ञहरूले सिद्ध गर्न खोजेर आफ्नो भाषाप्रति अन्धप्रेम दर्शाएका छन् । भाषावैज्ञानिक दृष्टिले मैथिली मागधी अनुवंशिक भाषा हो । तर हिन्दी शौरसेनी अनुवंशिक भाषा हो । विभिन्न कारणले समेत मैथिली स्वतन्त्र भाषा हो ।

क) मैथिली भाषाको सुदीर्घ साहित्यिक परम्परा हिन्दीभन्दा प्राचीन छ ।

ख) मैथिलीको स्वतन्त्र सांस्कृतिक, धार्मिक एवं सामाजिक विशेषता छ । त्यसैले मैथिली सम्पूर्ण आर्य भाषाभन्दा विलक्षण मानिन्छ ।

ग) मैथिली भाषाको स्वतन्त्र लिपि छ जसलाई तिरहुता अथवा मिथिलाक्षर भनिन्छ । (झा, १९९१:पृ२९)

निश्चय नै कुनै पनि भाषामा नजिकका अन्य भाषाको प्रभाव परेको हुन्छ । भाषिक आवश्यकतालाई पूरा गर्न एक भाषाले अर्को भाषाको सहयोग लिनु भाषाकै विशेषता हो । भाषालाई एकबाट अर्कोलाई छुट्याउने मूल आधार भनेकै व्याकरणिक व्यवस्था हो । सबै भाषाका वर्ण, व्याकरण, शब्द र अर्थ तह फरकफरक हुन्छन् । तर केही मात्रामा समानता भेटिन्छ । असमानता भने मनग्यै पाइन सक्छ । भाषालाई शुद्ध, स्तरीय एव मानकीकृत गर्ने काम व्याकरणको हो । यसले भाषालाई व्यवस्थित गराउने काम गर्दछ । व्याकरणको क्षेत्रभित्र थुप्रै पक्षहरू अन्तर्निहित हुन्छन् । ती विविध पक्षहरूमध्ये व्याकरणिक कोटिहरूको स्थान महत्त्वपूर्ण छ । व्याकरणिक कोटिभित्र लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, आदर र कारक पर्दछन् । मैथिली भाषाको व्याकरण, शब्दकोश आदि प्रकाशन भएका भए पनि नेपाली भाषासँगको मैथिली भाषाको अन्तरसम्बन्ध स्पष्ट पारिएको पाइन्न । यस सम्बन्धी अन्यौलता र अस्पष्टता कायमै छ । कुनै पनि कुराको सत्य पक्ष खुट्याउने काम सजिलो छैन । भाषिक विश्लेषण वृहत् कार्य भएकोले यो सानो शोधकार्यमा ती सम्पूर्ण क्षेत्रमा प्रवेश गर्न सम्भव हुँदैन । अतः नेपाली भाषा र स्तरीय मैथिली भाषाका व्याकरणिक कोटिहरूमा सीमित रहेर व्यवस्थित, स्पष्ट र समग्ररूपमा अध्ययन गर्नेतर्फ प्रस्तुत शोधकार्य अभिमुख हुने छ ।

**१.२ शोधशीर्षक :**

यस शोधपत्रको शीर्षक **'स्तरीय मैथिली भाषा र स्तरीय नेपाली भाषाका व्याकरणिक कोटिको व्यतिरेकी अध्ययन'** रहने छ ।

**१.३ शोधप्रयोजन :**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पसअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यांश नं. ५९८ (नेपाली विषय) को प्रयोजनको लागि रहने छ ।

**१.४ समस्याकथन :**

एक गणनाअनुसार विश्वमा बोलिने भाषाको सङ्ख्या २,७९६ पुगेको छ । (घोष, २००३:पृ.के,२१२) नेपाल पनि बहुभाषिक मुलुक हो । वि. सं. २०५८ को जनसङ्ख्या गणनाअनुसार यहाँ ९२ थरीका मातृभाषी वक्ता बसोबास गर्दै आएका छन् । यतिका सङ्ख्यामा मातृभाषी वक्ताहरू रहे पनि यहाँ नेपाली पछिको दोस्रो स्थानमा रहेको मैथिली भाषा निकै प्रभावशाली र सम्भ्रान्त भाषा मानिन्छ । वि.सं. २०५८ को जनसङ्ख्या तथ्याङ्कअनुसार यो भाषा १२.४ प्रतिशत (२७,९७,५८२ जना) नेपालीले मातृभाषाका रूपमा बोल्दछन् । पूर्वी नेपालका सुनसरी, मोरङ र झापा जिल्लाका दक्षिणी भागमा केही मात्रामा र सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट जिल्लामा अधिकांश मात्रामा नेपालीले मातृभाषाको रूपमा बोल्ने भाषा नै मैथिली हो । त्यसमा पनि जनकपुर क्षेत्रलाई मैथिली भाषा र संस्कृतिको आदिमथलो मानिन्छ । नेपालमै पनि मैथिली भाषाका स्थानीय भेद उपभेद छन् । यिनमा जनकपुरिया मैथिली, सिराहाली मैथिली र सप्तरीया मैथिली भाषाका आ-आफ्नै अलग पहिचान कायम रहेको पाइन्छ । नेपालको पूर्वी जिल्ला सप्तरीको राजविराज र भारतको मधुबनी क्षेत्रमा बोलिने भाषिकालाई स्तरीय मैथिली भाषाको आधार मान्नुपर्छ । विविध कारणले स्तरीय मैथिली भाषाको मौलिकतामा ह्रास आउनु नै यस अध्ययनको मूल समस्या हुनेछ, जसलाई निम्न रूपमा बुँदाहरूबाट प्रस्तुत गर्न सकिन्छ -

(क) स्तरीय मैथिली भाषाको व्याकरणात्मक स्वरूप के कस्तो छ ?

(ख) स्तरीय मैथिली भाषा र स्तरीय नेपाली भाषाका व्याकरणात्मक स्वरूपमा के कस्ता भिन्नता छन् ?

(ग) स्तरीय मैथिली भाषी विद्यार्थीहरूले नेपाली भाषा सिक्ता के कस्ता त्रुटिहरू गर्ने सम्भावना रहन्छ ?

**१.५ शोधका उद्देश्यहरू :**

यस शोधपत्रमा निम्नलिखित उद्देश्यहरू राखिने छ -

(क) स्तरीय मैथिली भाषाको व्याकरणात्मक स्वरूप ठम्याउनु,

(ख) स्तरीय मैथिली भाषा र स्तरीय नेपाली भाषाका व्याकरणिक कोटिहरूको व्यतिरेकी अध्ययन गर्नु,

(ग) स्तरीय मैथिली भाषाका विशेषता पत्ता लगाउनु,

(घ) स्तरीय मैथिली भाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्ता गर्न सक्ने त्रुटिहरूको पूर्वानुमान गर्नु ।

(ङ) त्रुटि निराकरणका लागि आवश्यक उपायहरू सुझाउनु ।

## १.६ अध्ययनको औचित्य :

एउटा राष्ट्रमा एकभन्दा बढी भाषा हुन्छन् । वि.स.२०५८ को जनगणना अनुसार नेपालमा बोलिने मातृभाषाहरूको सङ्ख्या ९२ पुगेको छ । मैथिली भाषा भारोपेली भाषा परिवारको (इन्डो आर्यन परिवार अन्तर्गत पूर्वी समूहमा पर्ने) भाषा हो । यो आधुनिक आर्यभाषाकालको संस्कृतको मागधी प्राकृतबाट विकसित भएको हो । नेपालमा यसका मुख्य २ वटा स्थानीय भेद र अन्य कैयौँ उपभेद रहेका छन् । यीमध्ये पूर्वी तराईको सप्तरी जिल्लामा बोलिने मैथिली भाषाले अलग पहिचान बोकेको ऐतिहासिक प्रमाणहरूले समेत दर्शाएका छन् । तसर्थ स्तरीय मैथिली भाषा अध्ययनको औचित्यलाई निम्नानुसार बुँदागतरूपमा प्रस्तुत गर्न सकिनेछ :

(क) स्तरीय मैथिली भाषाको व्याकरण व्यवस्थाको पहिचान गरी शैक्षणिक उपयोगिता अभिवृद्धि गर्न,

(ख) स्तरीय मैथिली भाषा र स्तरीय नेपाली भाषाको व्यतिरेकी अध्ययन गरी दुबैमा रहेका भिन्नताको मात्रालाई तथ्यपूर्ण रूपमा प्रस्तुत गर्न,

(ग) स्तरीय मैथिली भाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्ता गर्ने त्रुटिहरूको पूर्वानुमान गरी भाषा शिक्षण सिकाइमा देखापर्ने त्रुटि निराकरणका उपायहरू अपनाउन,

(घ) भाषिक अनुसन्धानमा लागेकाहरूका लागि समेत औचित्यपूर्ण बनाउन ।

## १.७ अध्ययन विधि :

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि निम्नानुसार प्राथमिक र गौण सामग्री सङ्कलन विधिको साथै वर्णनात्मक र तुलनात्मक शोधपद्वति समेतको सहयोग लिइने छ :

(क) प्राथमिक सामग्री (प्राथमिक तथ्याङ्क वा सूचना)

यस शोधकार्यका लागि सामग्री सङ्कलनको मूल स्रोत सप्तरी जिल्लाका मैथिलीभाषी मूल वक्ताहरूलाई लिइनेछ । मैथिली भाषामा बोलिएका विविध सन्दर्भका बोलीहरू रेकर्डमा समेटेर प्रस्तुत गरिनेछ । यसरी सङ्कलित प्राथमिक सामग्रीलाई शुद्धता, विश्वसनीयता र वैधताका लागि यस क्षेत्रका मूल वक्ता बुद्धिजीवीहरूबाट रुजु गराइने छ ।

(ख) गौण सामग्री (द्वितीय तथ्याङ्क वा सूचना)

प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका लागि गौण सामग्रीका रूपमा पुस्तकालय विधि अपनाइएनेछ । विभिन्न बुद्धिजीवीहरूका पुस्तक, पत्रपत्रिका, पूर्ववर्ति शोधार्थीहरूको शीर्षक मिल्ने शोधपत्रको अध्ययन गरी आवश्यकता अनुसार सामग्री सङ्कलन गरिनेछ ।

## १.८ अध्ययनको सीमा :

(क) प्रस्तुत शोधकार्य सप्तरी जिल्लाको तिलाठी गा.वि.स. र राजविराज नगरपालिकाका मैथिली वक्ताहरूको समाजलाई केन्द्रित गरेर सम्पन्न गरिने छ ।

(ख) प्रस्तुत शोधकार्य स्तरीय मैथिली भाषा र स्तरीय नेपाली भाषाको व्याकरणात्मक स्वरूप (लिङ्ग, वचन, पुरुष, कारक-विभक्ति, काल, पक्ष, भाव र वाच्य) को व्यतिरेकी अध्ययनमा सीमित रहनेछ ।

(ग) प्रस्तुत शोधकार्य स्तरीय मैथिली भाषी विद्यार्थीले स्तरीय नेपाली सिक्ता गर्ने त्रुटिको पूर्वानुमान गर्ने र ती त्रुटिहरू निराकरणका उपायहरू समेत उल्लेख गर्ने कार्यमा सीमित रहने छ ।

## १.९ पूर्वकार्यको समीक्षा :

नेपाल बहुभाषिक मुलुक हो । यहाँ नेपाली, नेवारी भाषाको तुलनामा मैथिली भाषाको अध्ययन अनुसन्धान र प्राज्ञिक चर्चापरिचर्चा नगण्य मात्रामा भएको पाइन्छ । मैथिली भाषा आफैंमा एक प्रभावशाली भाषा हो । लामो परम्परा बोकेको भाषा भए पनि यसको आधिकारिक अध्ययन अनुसन्धान धेरै पछि मात्र सुरु भएको हो ।

मैथिली भाषाका सम्बन्धमा हालसम्म भएका पूर्व अध्ययनहरू यस प्रकार रहेका छन् -

मैथिली भाषा अध्ययन गर्ने अध्येताहरूमा जर्ज अब्राहम ग्रिअर्सन (सन् १९०३) पहिला मानिन्छन् । उनले भारतका भाषाहरूको चर्चा गर्ने क्रममा मैथिली भाषाको चर्चा गर्दै मैथिली भाषालाई अरूबाट भिन्न भाषाका रूपमा चिनाएका छन् । डा. रामावतार यादवले **“मैथिलीको सन्दर्भ व्याकरण”** (सन् १९६६) मा मैथिली भाषाको वर्ण, रूप, वाक्य आदि विषयहरूमा विशद् चर्चा गरेका छन् । पं. श्री गोविन्द झाले **“उच्चत्तर मैथिली व्याकरण”** (सन् १९७९ ) मा मैथिली भाषालाई आधुनिक भाषावैज्ञानिक दृष्टिले विश्लेषण गरेका छन् । डा. दुर्गानाथ झाद्वारा लिखित **“मैथिली साहित्यक इतिहास”** पुस्तकमा मैथिली जाति, भाषा, संस्कृतिको परिचय र मैथिली साहित्य वारेको विशद् चर्चा पाइन्छ । त्यसैगरी सुनिलकुमार झाले **“मैथिली : सम आस्पेक्ट अफ इटस् फोनेटिक्स एण्ड फोनोलोजी”** शीर्षकमा विद्यावारिधि शोधग्रन्थ प्रस्तुत गरेका छन् । सत्यनारायण गडेरीले **“नेपाली र मैथिली भाषाका पदसङ्गतिको तुलना”** शीर्षकमा एम. ए. को शोधपत्र (२०५४) प्रस्तुत गरेका छन् । नेपाली र मैथिली भाषाका व्याकरणिक कोटिहरू (लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष र भाव)को व्यतिरेकी अध्ययन अझसम्म कसैले गरेको पाइएको छैन । यसमा मैथिली भाषा र नेपाली भाषा, लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य र करण-अकरण कोटिको

तुलना, यी बीच समानता र भिन्नता तथा मैथिली भाषीले नेपाली भाषा प्रयोगमा गर्ने सम्भावित त्रुटिहरू पहिल्याउने उद्देश्य रहने छन् ।

अन्तमा उपर्युक्त उल्लेखित अध्ययनका आधारमा स्तरीय मैथिली भाषाको व्यतिरेकी अध्ययनका बारेमा हालसम्म कुनै शोधकार्य भएको पाइँदैन । यो शोधपत्र नै स्तरीय मैथिली भाषा र स्तरीय नेपाली भाषाका बीचको व्यतिरेकी अध्ययन गर्ने पहिलो अनुसन्धात्मक कार्य बन्न पुग्ने छ । यस शोधपत्रले मैथिली भाषाको पहिचान, व्याकरण व्यवस्था साथै भाषिक व्यवस्थाका मौलिक विशेषताहरूको जानकारी दिने छ । प्रस्तुत शोधपत्रले स्तरीय नेपाली सिक्ता मैथिली भाषी सिकारुले गर्ने त्रुटि र निराकरणका उपायहरू समेत सङ्केत गर्ने छ । यस अध्ययनले मैथिली भाषा अध्ययन अनुसन्धान, विश्लेषण, संरक्षण, परिष्कार र विकासका क्षेत्रमा आगामी पुस्तालाई पूर्वाधारको काम समेत गर्ने छ ।

### १.१० शोधपत्रको रूपरेखा :

प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकार रहने छ -

| | |
|---|---|
| अध्याय- एक | शोध-परिचय |
| अध्याय- दुई | व्यतिरेकी विश्लेषणको सैद्धान्तिक अवधारणा |
| अध्याय- तीन | मैथिली भाषाको वर्तमान स्थिति र स्तरीय मैथिली भाषाको व्याकरणात्मक स्वरूप |
| अध्याय- चार | स्तरीय मैथिली र नेपाली भाषाको लिङ्ग, वचन, पुरुष, आदर र कारक-विभक्तिका आधारमा व्यतिरेकी अध्ययन |
| अध्याय- पाँच | स्तरीय मैथिली र नेपाली भाषाको काल, पक्ष, भाव र वाच्यका आधारमा व्यतिरेकी अध्ययन |
| अध्ययन- छ | स्तरीय मैथिली भाषीले स्तरीय नेपाली भाषा प्रयोगमा गर्ने त्रुटि क्षेत्रको पहिचान र निराकरणका उपाय |
| अध्याय -सात | उपसंहार |

# अध्याय -दुई

## व्यतिरेकी विश्लेषणको सैद्धान्तिक अवधारणा

### २.१ परिचय

भाषालाई विभिन्न एकाइहरूमा विभाजन गरी दुई वा सोभन्दा बढी भाषाका एकाइहरूका विशेषताहरूको तुलनात्मक विश्लेषण गर्ने कार्य नै व्यतिरेकी विश्लेषण हो । अर्को शब्दमा भाषालाई विभिन्न एकाइहरूमा विभाजन गरेर ती भाषाका विशेषताहरूको तुलनात्मक विश्लेषण गर्ने कार्यलाई व्यतिरेकी विश्लेषण भनिन्छ । व्यतिरेकी विश्लेषण भाषा सिकाइको व्यवहारवादी सिद्धान्तसँग सम्वन्धित छ । भाषाको वैज्ञानिक अध्ययन गरी भाषा शिक्षण गर्ने क्रममा सम्भाव्य कठिन भाषिक क्षेत्रको खोजीमा यो सिद्धान्त अगाडि बढेको देखिन्छ । यसको व्यापक चर्चा गर्ने पहिलो विद्वान् रोवर्ट ल्याडो हुन् । यो प्रायोगिक प्रकृतिको हुन्छ ।

### २.२ व्यतिरेकी विश्लेषणको उपयोगिता :

व्यतिरेकी विश्लेषणको प्रमुख प्रयोग क्षेत्र भाषाशिक्षण हो । यसको उपयोगका सम्बन्धमा रोवर्ट ल्याडोले निम्न मत अघिसारेका छन्-

क) दुई भाषाको तुलनाबाट एउटा भाषा बोल्ने व्यक्तिलाई अर्को भाषा सिक्ने क्रममा आइपर्ने समस्याहरूको पहिचान गरी वर्णन गर्न मद्दत पुग्छ ।

ख) यसले यान्त्रिक अनुवाद र भाषिक परीक्षणको तयारीको साथै द्विभाषिक क्षेत्रमा भाषिक भेदको अध्ययन गर्न मद्दत गर्दछ ।

स्रोत भाषा र लक्ष्य भाषाका बीचको समानता र भिन्नताबारे व्यतिरेकी विश्लेषणबाट स्पष्ट जानकारी प्राप्त हुन सक्छ । व्यतिरेकी विश्लेषणमा दुई भाषामा भएका समानता तथा भिन्नताहरू केलाउँदै तिनको विश्लेषण विभिन्न तहमा हुनसक्छ । वर्णनात्मक, रूपात्मक, वाक्यात्मक वा शब्दभण्डार आदि विभिन्न तहमा रहेका भाषाहरूका विशेषताहरूको यसमा अध्ययन विश्लेषण गरिने छ । यसअन्तर्गत कुन क्षेत्रमा बढी शैक्षणिक समस्या आइपरेको छ । त्यस पक्षको ख्याल गरेर आवश्यकता हेरी अध्ययन गरिन्छ । दुई भाषा बीच भएका समानता र भिन्नता पहिचान गर्न र समाधान निकाल्न यसले सहयोग गर्छ । यसर्थ लक्ष्य वा दोस्रो भाषाका सिकाइ कठिनाइको व्याख्या तथा पूर्वानुमान गर्न पनि व्यतिरेकी विश्लेषण उपयोगी ठानिन्छ । स्रोत भाषाको बानीले लक्ष्यभाषा सिक्न सहयोग मात्र होइन वाधा पनि उत्पन्न हुनसक्छ भन्ने यसको मूल मान्यता हो ।

## २.३ व्यतिरेकी विश्लेषणको प्रक्रियाः

शैक्षणिक प्रयोजनका दृष्टिले व्यतिरेकी विश्लेषणमा सामग्री सङ्कलन, तह निर्धारण र सामग्रीको सत्यापन, सामग्रीको वोध वा भिन्नताको पहिचान, पद्धतिको उपयोग र सामग्रीको विश्लेषण जस्ता प्रक्रिया अपनाइन्छ। यहाँ भने व्यतिरेकी विश्लेषण दुई ढङ्गले गरिएको छ।

१) **समतलीय-** समतलीय व्यतिरेकी विश्लेषण दुई वा दुईभन्दा बढी भाषाहरूको तुलनात्मक अध्ययन हो।
२) **ऊर्ध्वतलीय-** ऊर्ध्वतलीय व्यतिरेकी विश्लेषण विभिन्न भाषाहरूको बीच समानता र भिन्नताको विस्तृत अध्ययन हो। (अधिकारी,२०६२:पृ.१३२)

भाषा सिकाइ शिक्षणका दृष्टिले समतलीय खालको व्यतिरेकी अध्ययनलाई महत्त्व दिइन्छ। ऊर्ध्वतलीय अध्ययन चाहिँ विभिन्न भाषाहरूको बीच समानता र भिन्नताको विस्तृत अध्ययन हो। समतलीय व्यतिरेकी विश्लेषण दुई वा दुईभन्दा बढी भाषाहरूको तुलनात्मक विश्लेषण हुन्छ। व्यतिरेकी विश्लेषण आवश्यकता हेरी शैक्षणिक दृष्टिले निम्नलिखित भाषिक तहमा गर्न सकिन्छ -

क) वर्णात्मक तह, ख) रूपात्मक तह, ग) वाक्यात्मक तह, घ) शब्दभण्डारगत तह, ङ) शैलीगत तह

**(क) वर्णात्मक तह-**

वर्णहरू तथा तिनीहरूका संरचनाका दृष्टिले प्रत्येक भाषा अन्य भाषाका सापेक्षतामा भिन्न हुन्छन्। नेपाली भाषाभाषीलाई **"श"** र **'स', 'इ'** र **'ई'** लाई विभेदकताका साथ विभिन्न शब्दमा उच्चारण गर्न सहज हुँदैन।

**(ख) रूपात्मक तह -**

रूपगत अध्ययनभित्र भाषाका रूपायन र व्युत्पादन दुबै प्रक्रियालाई लिइन्छ।

**(ग) वाक्यात्मक तह -**

वाक्यरचना शिक्षण गर्दा अङ्ग्रेजीमा 'कर्ता+क्रिया+कर्म'को र नेपाली वा मैथिलीमा 'कर्ता+कर्म+क्रिया' को आधारभूत वाक्य ढाँचा रहन्छ।

**(घ) शब्दभण्डारगत तह -**

विभिन्न भाषाहरूमा रङ जनाउने, नाता जनाउने शब्दहरूको विभिन्नताले शब्दभण्डार व्यवस्थामा रहेको व्यतिरेकी ठम्याउन सकिन्छ।

**(ङ) शैलीगत तह -**

भाषाको सही प्रयोग जान्न लक्ष्य भाषामा पाइने शैलीगत विविधतासँग परिचित हुनु पर्दछ। भाषाका विभिन्न तहको व्यतिरेकी विश्लेषण गर्दा कुन पक्षको विश्लेषण गर्ने हो। सोको निश्चिचता हुनु आवश्यक छ। तसर्थ कुनै पनि व्यतिरेकी विश्लेषण अन्तर्गत निम्न कुराहरू संलग्न रहन्छन् -

-स्रोत भाषाको विशेषताहरूको वर्णन,

-स्रोत भाषाको लक्ष्य भाषासँग तुलना गरी उक्त दुईका बीच देखिने भिन्नताको पहिचान, र

-स्रोत भाषा र लक्ष्यभाषाको भिन्नता जनित सिकाइ कठिनाइको पूर्वानुमान ।

शैक्षणिक दृष्टिले गरिने व्यतिरेकी विश्लेषण भाषा विशेषताका समस्यापूर्ण मानिएका एक वा एकभन्दा बढी पक्षमा मात्र केन्द्रित भएको पाइन्छ ।

## २.४ व्यतिरेकी विश्लेषण र त्रुटि विश्लेषणबीच सम्बन्ध :

मानिस जन्मजात दक्ष हुने भए उसले केही सिक्नु पर्ने थिएन । सिकाइका क्रममा त्रुटि हुनु स्वभाविक मानिन्छ । भाषा सिकाइमा व्यतिरेकी विश्लेषण दुई पक्षीय हुन्छ तर त्रुटि विश्लेषण एकपक्षीय हुन्छ । व्यतिरेकी विश्लेषण खास भाषिक पृष्ठभूमि भएका सम्पूर्ण विद्यार्थीको शैक्षणिक प्रयोजनका लागि उपयोग गरिन्छ तर त्रुटि विश्लेषण व्यक्ति-विद्यार्थीको भाषिक सम्पादनसँग सम्बद्ध रहन्छ । त्रुटिविश्लेषणमा व्यतिरेकी अध्ययनबाट प्राप्त पूर्वानुमानलाई प्रयोगपरक प्रमाणद्वारा सत्यापन तथा व्याख्या गरिन्छ । व्यतिरेकी विश्लेषणले भाषा सिकाइबारे शिक्षकपरक व्याख्या गर्दछ भने त्रुटि विश्लेषणले शिक्षार्थीपरक कोणबाट व्याख्या गर्दछ ।

# अध्याय- तीन

## मैथिली भाषाको वर्तमान स्थिति र स्तरीय मैथिली भाषाको व्याकरणात्मक स्वरूप

### ३.१ मैथिली भाषाको वर्तमान स्थिति :

### ३.१.१ मैथिली भाषा र यसका भाषिकाः

नेपाल ९२ भन्दा बढी भाषाभाषीको विविधताले ढाकेको देश हो । भौगोलिक विविधताका आधारमा यहाँ विभिन्न भाषा बोल्ने वक्ताहरूको संङ्ख्या बढ्दै गएको पाइन्छ । यिनै विविधतामा मैथिली भाषा पनि एक महत्त्वपूर्ण भाषा मानिन्छ । मैथिली भाषा भारोपेली भाषा परिवारको भाषा हो । झापादेखि बारासम्म मधेशका जिल्लाहरूमा बसोवास गर्ने मैथिलहरूले व्यवहार गर्ने गर्दछन् । हुन त मैथिली भाषीहरू राजधानी लगायत देशका पचहत्तर वटै जिल्लामा पुगेका र बसोबास गरेका पाइन्छन् । अल्प जनसङ्ख्या भएका ठाउँहरूमा मैथिलहरूले स्थानीय भाषाकै प्रयोग गरेको पाइन्छ । यति ठूलो क्षेत्रमा फैलिएको हुनाले नै यसका अनेकौं क्षेत्रीय भाषिका हुनु स्वभाविकै हो । भौगोलिक दूरी, सामाजिक सम्पर्कको अभाव र अन्य भाषाको प्रभावका कारण मैथिली भाषाका विभिन्न क्षेत्रीय भेदहरू रहेको पाइन्छ । नेपालमा विद्याजीवी जातिका बोली र कृषिजीवी जातिका बोली गरी मैथिली भाषाको २ वटा मुख्य स्थानीय भेद रहेका छन् । यसभित्र अनेकन् उपभेद छन् जसको अध्ययन भइसकेको छैन ।

जे होस्, मैथिली भाषा नेपालको संवैधानिक मान्यता प्राप्त राष्ट्रभाषा हो । अन्तरिम संविधान २०६३ ले नेपालभित्र बोलिने सम्पूर्ण मातृभाषालाई राष्ट्र भाषाको मान्यता दिएको छ । यसर्थ संविधानतः मैथिली भाषा नेपालको राष्ट्र भाषा हो । मैथिली भाषा देवनागरी लिपि बाहेक आफ्नै तिरहुता वा मिथिलाक्षर लिपिमा अभिव्यक्त गर्न सकिन्छ । संसारमा बोलिने हरेक भाषामा लामो ऐतिहासिक कालखण्ड, भाषिक भूगोल र आपसी सम्पर्कको अभावमा विभिन्न भाषिका र उपभाषिकाहरू जन्मन पुग्दछन् । यही सत्यताका आधारमा डा. ग्रियर्सनका अनुसार मैथिली भाषामा सात विभिन्न भाषिका रहेको पाइन्छ ।

१) आदर्श, २) दक्षिणी, ३) पूर्वी, ४) छिकाछिकी, ५) पश्चिमी, ६) जोलही, ७) केन्द्रीय जनधारणाको मैथिली । (बराल, २०५५:पृ.६३४)

भौगोलिक दृष्टिले मैथिली भाषाका निम्नलिखित क्षेत्रहरू (उपभाषिकाहरू) छन्-

१) **आदर्श मैथिली**-उत्तरी दरभङ्गा क्षेत्र,

२) **दक्षिणी मैथिली**- क) दक्षिणी दरभङ्गा, मधुवनी, ख) पूर्वी मुजफ्फरपुर, सीतामढी, ग) उत्तरी मुङ्गेर, घ) उत्तरी भागलपुर, ङ) पश्चिमी पूर्णिमा,

३) **पूर्वी मैथिली**- क) पूर्वी पूर्णिया, ख) मालदह तथा दिनाजपुर,

४) **छिकाछिकी मैथिली**- क) दक्षिणी भागलपुर, ख) उत्तरी सन्थाल परगना, ग) दक्षिणी मुङ्गेर,

५) **पश्चिमी मैथिली**- क) पश्चिमी मुजफ्फरपुर, ख) पूर्वी चम्पारण,

६) **जोलही मैथिली**- क) उत्तरी दरभङ्गाका मुसलमानहरूको बोली,

७) **केन्द्रीय जनधारणाका मैथिली**- क) पूर्वी सीतापुरा बोली, ख) मधुवनी जिल्लाका निम्न श्रेणीका बोली,

८) **नेपालमा विद्याजीवी** (ब्राह्मण, कायस्थ, राजपूत आदि) र **कृषिजीवी** (यादव, धानुक, कुर्मी आदि) **जातिको बोली** ।

यसरी नेपालमा भने व्यवसायिक हिसावले मैथिली भाषाको २ वटा मुख्य स्थानीय भेद रहेका देखिन्छन् जसलाई नेपाल-तराई मैथिली भाषिका भनी नामाकरण गर्न सकिन्छ । यसभित्र अनेकन् उपभेद छन् जसको अध्ययन भइसकेको छैन । जिल्लाहरूमा बसोवास गर्ने मैथिलहरूले व्यवहार गर्ने मैथिली भाषामा निकै समानता पाउन सकिन्छ । वि.सं. २०५८ को जनगणनाअनुसार मैथिली भाषी वक्ताहरूको सङ्ख्या १२.४% पुगेको पाइन्छ ।

**३.१.२ नेपाल-तराई भाषिका :**

नेपालको तराईमा बोलिने मैथिली भाषा नै नेपालको मैथिली भाषिका हो । नेपालमा विद्याजीवी जातिका बोली- ब्राह्मण, कायस्थ, राजपूत आदिको बोली र कृषिजीवी जातिका बोली- यादव, धानुक, कुर्मी आदिका भाषा यस अन्तर्गत आउँछन् । यसरी नेपालमा भने व्यवसायिक हिसावले मैथिली भाषाको २ वटा मुख्य स्थानीय भेद रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०५८ का अनुसार यस मैथिली भाषिका अर्न्तगत धनुषा महोत्तरी, सिराहा, महोत्तरी, सर्लाही, झापा, मोरङ, सुनसरी, सप्तरी, बारा आदि जिल्लामा मैथिली भाषा भाषीको सङ्ख्या बाक्लो छ । विद्याजीवी जातिका बोली- ब्राह्मण, कायस्थ, राजपूत आदिका बोलीलाई स्तरीय मैथिली मानिन्छ । कृषिजीवी बोली चाहिँ ठेट मैथिली भाषाका रूपमा परिचित छ । यसमा पनि कतिपय ठाउँमा कथ्य र लेख्य रूपमा असमानता पाइन्छ ।

**३.१.२.१ स्तरीय मैथिली भाषा :**

नेपालमा स्तरीय मैथिली बोल्ने स्थान भनेकै सप्तरी हो । यस जिल्लाका मैथिली भाषी वक्ताहरूको सङ्ख्या अधिक रहेको पाइन्छ । २०५८ को जनगणनाअनुसार सप्तरीको कुल जनसङ्ख्याको ७५.१% मैथिली भाषी वक्ताहरू बसोवास गर्दै आएका छन् । २०४८ सालको जनगणनाबमोजिम ७२.६ प्रतिशत थियो । विद्याजीवी जातिका बोली- ब्राह्मण, कायस्थ, राजपूत आदिका बोलीलाई स्तरीय मैथिली मान्नुको कारण के हो भने त्यो भाषिक रूप नै लेख्य मैथिलीको निकट छ । लेख्यरूप विद्याजीवी जातिका बोलीलाई नै मानिन्छ । भौगोलिक दूरी, सामाजिक सम्पर्कको, अभाव र विकासको द्रुतगतिका कारण स्तरीय मैथिली भाषामा पनि सामान्य भाषिक भिन्नता पाइन्छ । शब्दको रूप परिवर्तनका क्रममा प्रत्यय र

उपसर्ग जोडाइमा भौगोलिक दूरी, समयको अन्तराल र मौखिक अभ्यास आदिका कारण भाषामा अपभ्रंस हुँदै गयो र एउटै क्रियाको प्रयोग पनि मैथिली सामाजमा फरक देखिन थाल्यो । यसले कतै कतै जटिलता थपेको छ ।

**.१.२.२ क्षेत्र तथा मातृभाषी :**

प्रस्तुत शोधपत्रको अध्ययनको क्षेत्र सप्तरी जिल्लाको तिलाठी गा.वि.स. र छेउछाउमा रहेका अन्य छिमेकी गा.वि.स.हरूका साथै राजविराज नगरपालिका हो । त्यहाँ रहेका भाषाभाषीहरूको जनसङ्ख्या (२०५८ को जनगणनाअनुसार) यस प्रकार रहेको छ -

**तालिका नं.- (क)**

| क्र.सं. | गा.वि.स /नगरपालिका | कूल जनसङ्ख्या |
|---|---|---|
| १. | राजविराज नगरपालिका | ३०,३५३ |
| २. | तिलाठी गाविस | ३,६७९ |
| ३. | रम्पुरा मल्हनियाँ गाविस | ६,१६५ |
| ४. | सकरपुरा गाविस | ४,२७८ |
| ५. | लौनिया गाविस | २,९६० |
| ६. | कोइलाडी गाविस | ४,३६४ |

**नोट : यी गाविस र नपाहरूमा ९० प्रतिशतभन्दा माथि जनङ्ख्याले मैथिली भाषा मातृभाषाका रूपमा बोल्दछन् ।**

## ३.२ स्तरीय मैथिली र नेपाली भाषाको व्याकरणात्मक स्वरूप :

### ३.२.१ शब्दको कार्यात्मक वर्गीकरण :

कार्य भनेको व्याकरणात्मक कार्य हो । कार्यगत आधारमा गरिने शब्दको वर्गीकरणलाई शब्दवर्ग भनिन्छ । व्याकरणात्मक कार्यका आधारमा शब्दहरूलाई नाम, सर्वनाम, विशेषण, क्रिया, र अव्यय गरी पाँच वर्गमा वर्गीकरण गरिएको छ ।

**३.२.१.१ नाम :**

कुनै व्यक्ति वा वस्तुको नामलाई संज्ञा भनिन्छ । (झा, १९७६:पृ.३२) को र के प्रश्नको जवाफमा आउने शब्दलाई नाम भन्दछन् । (शर्मा, २०६०: पृ.६०)

जस्तैः **हरि** गेलाह । हरि गयो । **जनावर क** सेवा करू । जनावरको सेवा गर ।

नामलाई पाँच प्रकारमा वर्गीकरण गरिएको पाइन्छ -

**क) व्यक्तिवाचक नाम-** कुनै वस्तु, व्यक्ति, स्थान वा धारणा बुझाउने शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ । जस्तै- रानी- रानी, राम-राम आदि ।

**ख) जातिवाचक नाम-** जुन नामले सम्पूर्ण जातिको वोध गराउँछ। (झा, १९७६:पृ: ३३)
अर्को शब्दमा एउटै प्रकार वा जातका सबैलाई बुझाउने शब्द जातिवाचक नाम हो । जस्तै- मनुक्ख- मानिस, माछ- माछा आदि ।

**ग) समूहवाचक नाम-** व्यक्ति वा वस्तुको समूह बुझाउने शब्द समूहवाचक नाम हो । जस्तै- मेला-मेला, भीड-भीड आदि ।

**घ) द्रव्यवाचक नाम-** नाप वा तौल भएको पदार्थ बुझाउने शब्द द्रव्यवाचक नाम हो । जस्तै- चिनी- चीनी, पानि- पानी आदि ।

**ङ) भाववाचक नाम** : गुण, कार्य वा अवस्था जनाउने शब्द भाववाचक नाम हो
जस्तै- वीरता- वीरता, दया- दया आदि ।

**३.२.१.२ सर्वनाम :**

सर्वनाम त्यसलाई भनिन्छ, जुन संज्ञाको सट्टामा प्रयोग गरिन्छ । (झा, १९७६:पृ: ३५) अर्को शब्दमा नाम वा नामपदसमूहको पुनरुक्ति रोक्न सट्टामा आउने शब्दलाई सर्वनाम भनिन्छ । यसलाई सट्टेनाम पनि भनिन्छ। (शर्मा, २०६०:पृ.६४)

सर्वनामका प्रकार-

(क) **पुरुषवाचक सर्वनाम :**

पुरुष वा व्यक्तिलाई जनाउने सर्वनाम पुरूषवाचक सर्वनाम हो ।

**प्रथम पुरूषवाचक सर्वनाम-** कथनमा वक्ताको सन्दर्भ जनाउने सर्वनाम प्रथम पुरूष सर्वनाम हो ।

जस्तै -

| **नेपाली भाषा** | **मैथिली भाषा** |
|---|---|
| म | हम |
| हामी | हम/हमसभ |

**द्वितीय पुरुषवाचक सर्वनाम-** श्रोताको सन्दर्भ जनाउने सर्वनाम द्वितीय पुरुष सर्वनाम हो। जस्तै-

| **नेपाली भाषा** | **मैथिलीभाषा** |
|---|---|
| तँ | तूँ |
| तिमी | तोँ |
| तपाईं | अहाँ/अपनें |
| हजुर | अपने |

**तृतीय पुरुषवाचक सर्वनाम-** वक्ता र श्रोताबाहेकको सन्दर्भ जनाउने सर्वनाम तृतीय पुरुषवाचक सर्वनाम हो ।

जस्तै-

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| ऊ, उनी, यी,<br>त्यो, ती | ओ, ई<br>ओ |

**(ख) दर्शकवाचक सर्वनाम-** कुनै वस्तु, व्यक्ति वा धारणालाई तोकेर देखाउनका लागि प्रयोग हुने सर्वनाम दर्शकवाचक सर्वनाम हो । जस्तै -

| सर्वनाम | नेपाली भाषा | मैथिली भाषा |
|---|---|---|
| निकटवर्ती | यो | ई |
| दूरवर्ती | त्यो | ओ |

**(ग) प्रश्नवाचक सर्वनाम-** प्रश्न बुझाउने को, के र कुन आदि प्रश्नवाचक सर्वनाम हुन् । जस्तै :

| सर्वनाम | नेपाली भाषा | मैथिली भाषा |
|---|---|---|
| निश्चय | को | के |
| अनिश्चय | कोही, केही | केओ/किछो/किछुओ |

**(घ) सम्बन्धवाचक सर्वनाम -**

जो, जे, जुन शब्दहरू सम्बन्धवाचक सर्वनाम हुन् । जस्तै :

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| जो, जस्को | जे, जकर |

**३.२.१.३ विशेषण :**

जसले कुनै संज्ञाको विशेषता अथवा गुण दोषको वर्णन गर्छ, त्यसलाई विशेषण भनिन्छ । (झा, १९७०:पृ३३) विशेषण नामिक शब्दवर्गको एउटा सदस्य हो । कुन, कस्तो, कत्रो, कति आदि प्रश्नको जवाफमा आउने शब्दलाई विशेषण भनिन्छ (शर्मा: २०६०:पृ.६७) ।

**विशेषणका प्रकार :**

**(क) गुणबोधक विशेषण :** नामको विशेषता, गुण, स्वरूप, दोष, जनाउने शब्द गुणबोधक विशेषण हो ।

जस्तै-

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| राम्रो | नीक |
| पुरानो | पुरान |

(ख) **सङ्ख्यावाचक विशेषण-** सङ्ख्यात्मक विशेषता बताउने शब्द सङ्ख्यावाचक विशेषण हो । जस्तै-

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| चार | चारि |
| तेब्बर | तेबर |

**ग)** **परिमाणवाचक विशेषण-** विशेष्यको परिमाण बताउने शब्द परिमाणवाचक विशेषण हो । जस्तै-

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| धेरै | अधिक |
| थोरै | थोड़ेक |

(**घ**) **सार्वनामिक विशेषण-** विशेष्यको अगाडि आएर विशेषता बताउने शब्द सार्वनामिक विशेषण हो । जस्तै -

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| कसको किताब | ककर पोथी |
| यो मान्छे | ई मनुक्ख |

### ३.२.१.४ क्रिया :

जुन शब्दबाट कुनै काम हुने अथवा कुनै वस्तुको अस्तित्वरहेको सूचना पाइन्छ त्यसलाई क्रिया भनिन्छ । (झा, १९७०:पृ३३) वाक्यमा विधेय भई घट्ना, कार्यव्यापार, स्थिति वा अवस्था बुझाउने शब्द क्रिया (शर्मा: २०६०:पृ.७२) । क्रियालाई वाक्यमा समापक पदका रूपमा लिइन्छ (अधिकारी : २०५५:पृ.१००) ।

जस्तै -

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| खान्छु | खाइत छी |
| पठायो | पठाओलक |
| हो | छियै/थिक/अछि |

**३.२.१.५ अव्ययः**

लिङ्ग वचन, कारक आदिका कारणले कुनै परिवर्तन नहुने शब्दलाई नै अव्यय भनिन्छ। (झा, १९७७:पृ३२) अव्यय भनेको अविकारी शब्द हो। अव्यय रूपायन हुँदैन। अव्ययलाई मोटामोटी निम्न भेदमा विभाजन गरिएको छ -

(**क**) **क्रियायोगी-** क्रियाको विशेषता बताउने शब्दलाई क्रियायोगी अव्यय भनिन्छ। जस्तै-

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| आज | आइ |
| तुरुन्तै | अखैन/एखन |

(**ख**) **नामयोगी-** नामिक पदसँग विभक्ति प्रत्यय जस्तै जोडिई अर्थमा प्रभाव पार्ने शब्द नामयोगी हुन्। जस्तै -

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| सँग | सङ्गे/सङ्ग |
| तिर | दिस |

(**ग**) **संयोजक-** शब्द, उपवाक्य वा वाक्यहरूलाई जोडने अव्यय पद नै संयोजक हुन्।

जस्तै -

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| राम विद्यालय जान्छ अनि किताब पढ्छ। | राम स्कूल जाइछै तखन/आ किताब पढैछै। |
| त्यसकारण | तेँ/एहि लेल |

(घ) **विस्मयादिवोधक-** जुन अव्ययबाट हर्ष, शोक आदि भाव सूचित हुन्छ तर त्यसको सम्बन्ध कुनै वाक्य वा विशेष शब्दसँग हुँदैन भने त्यो विस्मयाधिवोधक कहलाउँछ। (झा, १९७६:पृ.८२) त्यसै गरी अर्को शब्दले कुनै खास व्यक्ति वा वस्तुलाई नजनाई मनमा आउने हर्ष, शोक आदि बुझाउने अव्ययलाई विस्मयादिवोधक भनिन्छ। जस्तै -

| **नेपाली भाषा** | **मैथिली भाषा** |
|---|---|
| अहा ! हाय | अहा ! हाय |
| ए ! | ए ! |

(ङ) **निपात-** वाक्यमा प्रयोग भएर विशेष जोड दिई अर्थलाई प्रभाव पार्ने अव्यय निपात हो। जस्तै -

| **नेपाली भाषा** | **मैथिली भाषा** |
|---|---|
| रमेश **त** घरमा छैन, बाहिर गएको छ। | रमेश **त**ऽ घरमे नहि अछि, बाहर गेल अछि। |

**३.२.२. व्याकरणिक कोटिहरू :**

व्याकरणात्मक कार्यसम्पादन गर्न आउने शब्दलाई व्याकरणिक कोटि भनिन्छ। यसले शब्दको रूप चलाउने काम गर्दछ, जसलाई रूपायन पनि भनिन्छ। रूपायनमा लिङ्ग, वचन, पुरुष, कारक-विभक्ति, काल, पक्ष र भाव जस्ता व्याकरणात्मक कोटिअनुसार आधारपदमा बाहिरी रूपमा परिवर्तन हुन्छ। (शर्मा,२०५३ः पृ.६५)।

**३.२.२.१ लिङ्ग :**

नामसँग सम्बद्ध व्याकरणात्मक कोटि हो। स्तरीय मैथिली भाषामा प्राकृतिक लिङ्गका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई लिङ्ग रहेका छन्। कतिपय पुलिङ्गमा **'ई'** प्रत्यय जोडेर स्त्रीलिङ्ग बनाउने प्रक्रिया यस भाषामा रहेको छ। जस्तै-

| **नेपाली भाषा** | **मैथिली भाषा** | **लिङ्ग** |
|---|---|---|
| छोरा/केटा | बेटा/छौँडा | पुलिङ्ग |
| छोरी/केटी (ई) | बेटी/छौँडी(ई) | स्त्रीलिङ्ग |
| डोम | डोम | पुलिङ्ग |

| | | |
|---|---|---|
| नोकर्नी | नोकरनी | स्त्रीलिङ्ग |

३.२.२.२ **वचन-**

वचन सङ्ख्यासँग सम्बद्ध व्याकरणात्मक कोटि हो। मैथिली भाषामा एकवचन र बहुवचन गरी वचनका दुई भेद रहेका छन्। यस भाषामा एक वचनलाई बहुवचन बनाउँदा सामान्यतयाः 'सभ' र 'लोकनि/गण' प्रत्यय जोडिन्छ। जस्तै -

| **नेपाली भाषा** | **मैथिली भाषा** |
|---|---|
| भाइहरू | भाएसभ |
| नेताहरू | नेतासभ/लोकनि/गण |

३.२.२.३ **पुरुष :**

पुरुष नाम र सर्वनामसँग सम्बद्ध व्याकरणात्मक कोटि हो। यसले व्यक्तिको बोध गराउँदछ। स्तरीय मैथिली भाषामा नेपाली भाषाका सापेक्षतामा पुरुष-

| **नेपाली भाषा** | **मैथिली भाषा** | **पुरुष** |
|---|---|---|
| म, हामी | हम, हमसभ | प्रथम पुरुष |
| तँ, तिमी, तपाईं, हजुर | तूँ, तोँ, अहाँ, अपने | द्वितीय पुरुष |
| ऊ, उनी, यो | ओ, ओ लोकनि, ई | तृतीय पुरुष |

यिनको प्रयोगअनुसार क्रियाको प्रयोग गरिन्छ। जस्तै-

| **नेपाली भाषा** | **मैथिली भाषा** |
|---|---|
| म चिठी लेख्छु। | हम चिठी लिखै छी। |
| तिमी चिठी लेख्छौ। | तोँ चिठी लिखै छिही। |
| ऊ चिठी लेख्छ। | ओ चिठी लिखछै। |

३.२.२.४ **आदरार्थी :**

मुख्यतः सहभागीको तुलनात्मक प्रतिष्ठा प्रकट हुने भाषिक प्रयोगलाई आदरार्थी भनिन्छ। शर्मा (२०६०:पृ.२१३) का अनुसार शिष्टता वा सम्मानका तहहरू जनाउन प्रयोग गरिने वाक्यीय अथवा रूपप्रक्रियात्मक भिन्नतालाई आदरार्थी भनिन्छ। स्तरीय मैथिली भाषामा आदरार्थीको व्यवस्था निम्नअनुसार रहेको छ। जस्तै -

| **आदरको तह** | **नेपाली भाषा** | **मैथिली भाषा** |
|---|---|---|
| आदररहित | तँ बजार जान्छस्। | तोँ बजार जाएत छ। |
| मध्यम आदर | तिमी बजार जान्छौ। | तोँ बजार जाएत छह। |

| | | |
|---|---|---|
| उच्च आदर | तपाइँ बजार जानुहुन्छ । | अहाँ बजार जाएत छी । |
| उच्चतर आदर | हजुर बजार जानुहुन्छ । | अपने बजार जाएत छियैक । |

### ३.२.२.५ कारक-विभक्ति :

संज्ञा अथवा सर्वनामको क्रियासँग जे सरोकार हुन्छ त्यसकै नाम कारक हो । (झा,१९७०पृ:४६) क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने नामिक पदको रूप कारक हो भने कारक बुझाउन आउने चिन्ह विभक्ति हो । वाक्यमा नामिक शब्दको प्रतिफलन (कर्ता,कर्म आदि) जनाउने व्याकरणात्मक कोटिलाई कारक भनिन्छ भने नामिकका पछाडि आएर विभिन्न कारक बुझाउने चिन्हलाई विभक्ति भनिन्छ । (शर्मा, २०६०:पृ.२२०) स्तरीय मैथिली भाषामा कारक र विभक्तिको व्यवस्था यसप्रकार रहेको छ -

| कारक-विभक्ति | नेपाली भाषा (विभक्ति चिन्ह) | मैथिली भाषा (विभक्ति चिन्ह) |
|---|---|---|
| कर्ता कारक | रामले किताब किन्यो । (ले) | राम किताब किनलक । ($\phi$) |
| कर्म कारक | राम श्यामलाई पिट्छ । (लाई) | राम श्यामकँ मारैत अछि । (कँ) |
| करण कारक | कलमले चिठी लेख । (ले) | कलमसँ चिठी लिख । (सँ) |
| सम्प्रदान कारक | राम श्यामलाई कलम दिन्छ । (लाई) | राम श्यामकँ कलम दैत अछि । (कँ) |
| अपादान कारक | रामको घर श्यामको घरदेखि टाढा छ । (देखि) | रामक घर श्यामक घरसँ दूर अछि । (सँ) |
| सम्बन्ध कारक | यो रामको कलम हो । (को) | ई रामक कलम थिक/अछि । (क) |
| अधिकरण कारक | टेबुलमा पुस्तक छ । (मा) | टेबुल पर पुस्तक अछि । (पर) |

### ३.२.२.६ काल :

क्रियामा लाग्ने समयलाई काल भनिन्छ । (झा, १९७०:पृ६६) यो समयसँग सम्बद्ध व्याकरणात्मक कोटि हो । क्रियाले सङ्केत गर्ने समयलाई काल भनिन्छ । (शर्मा, २०५३:७४) काल क्रियापदको समय संकेतक कोटि हो । (अधिकारी, २०५५:पृ.११५) स्तरीय मैथिली भाषामा काललाई तीन भागमा वर्गीकरण गरिएको छ -

क) भूतकाल, ख) वर्तमान काल, ग) भविष्यत् काल ।

कतिपय भाषामा वर्तमानले अंशतः भूतको क्षेत्रका साथै भविष्यत्को व्यापक क्षेत्र ओगेटेको हुन्छ । त्यसैले वर्तमान ज्यादै क्षणिक हुनसक्ने देखिन्छ । स्तरीय मैथिली भाषामा पनि यस खाले प्रभाव पाइन्छ ।

जस्तै -

| काल | नेपाली भाषा | मैथिली भाषा |
|---|---|---|
| भूतकाल | रामले भात खायो । | राम भात खेलकै/खएलक । |
| वर्तमानकाल | राम भात खान्छ । | राम भात खाइछै/खाइत अछि । |
| भविष्यत्काल | रामले भात खानेछ । | राम भात खेतए/खायत । |

**३.२.२.७ पक्ष :**

पक्ष क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि हो । व्याकरणात्मक कोटि पक्षले क्रियाको अवधि र अवस्थालाई बुझाउँछ । जस्तै- सामान्य, अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात पक्ष । शर्मा (२०६०:पृ.१५५) नेपाली भाषाको सापेक्षतामा स्तरीय मैथिली भाषामा कालका पक्ष यसप्रकार रहेका छन्-

**क) सामान्य पक्ष**

**-सामान्य वर्तमान-** वर्तमानकालको सामान्य पक्षले कथन-क्षणमा कार्य हुने पक्षलाई जनाउँछ । जस्तै-

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| श्याम भात खान्छ । | श्याम भात खाइछ/खाइत अछि । |

**-सामान्य भूत-** भूतकालको सामान्य पक्षले क्रियाको कार्यव्यापार पहिले भइसकेको जनाउने गर्दछ । जस्तै :

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| राम गयो । | राम गेलाह/गेल/गेलैक । |

**-सामान्य भविष्यत्-** भविष्यत् कालको सामान्य पक्षले क्रियाको कार्यव्यापार पछि हुने भन्ने जनाउँछ । जस्तै

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| मीना गीत गाउनेछे । | मीना गीत गाओत । |

**ख) अपूर्ण पक्ष**

**-अपूर्ण वर्तमान-** अपूर्ण वर्तमान पक्षले कथन-क्षणमा क्रियाको कार्यव्यापार भइरहेको भन्ने जनाउँछ । जस्तै-

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| राम भात खाँदै छ । | राम भात खारहल अछि । |

**अपूर्ण भूत-** अपूर्ण भूत पक्षले क्रियाको कार्यव्यापार बितेको समयमा भइरहेको भन्ने जनाउँछ । जस्तै-

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| राम भात खाँदै थियो । | राम भात खारहल छल । |

**अपूर्ण भविष्यत्-** अपूर्ण भविष्यत् पक्षले क्रियाको कार्यव्यापार भविष्यमा निरन्तर हुने जनाउँछ । जस्तै :

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| राम भात खाँदै हुनेछ । | राम भात खाइत रहत । |

**ग) पूर्ण पक्ष :**

**पूर्ण वर्तमान-** यस पक्षले क्रियाको काम कथन क्षणमा भइसकेको तर प्रभाव रहेको बताउँछ । जस्तै-

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| मैले कथा पढेको छु । | हम खिस्सा पढ़ने छी । |

**पूर्ण भूत-** यस पक्षले क्रियाको काम बितेको समयमा सकिएको तर प्रभाव भने रहेको बताउँछ । जस्तै -

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| रामले भात खाएको थियो । | राम भात खा चुकल छल । |

**पूर्ण भविष्यत्-** यस पक्षले क्रियाको काम भविष्यत् कालमा भएको र प्रभाव समेत रहेको बताउँछ । जस्तै-

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| रामले भात खाएको हुनेछ । | राम भात खा नेने रहत । |

**घ) अभ्यस्त भूत-** वितेको समयको आचरण वा बानी बुझाउने अभ्यस्त भूत चाहिँ भूतकालको एक पक्ष हो । यसमा कार्यव्यापारको आवृति वा बारम्बारता भन्ने बुझिन्छ । जस्तै -

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| म चुरोट पिउथेँ । | हम सिगरेट पिबैछलियै/पिबैत छलहुँ |

*मैथिली व्याकरणमा अभ्यस्त भूतकालको चर्चा रहने नगरेको भए पनि बोलिचालीको भाकामा माथिको उदाहरण प्रस्तुत गरिएको हो ।*

**ङ) अज्ञात भूत-** यस पक्षले क्रियाको व्यापार वितेको समयमा थाहै नपाए भइसकेको तर अहिले थाहा भएको जनाउँछ (शर्मा, २०६०:पृ.२४०) । जस्तै -

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| हम पास भेल छी । | हामी सफल भएछौँ । |

*नोट : मैथिली भाषाव्याकरणमा अज्ञात पक्ष रहने व्यवस्था भएको देखिन्न तर वक्ताहरू चाहिँ प्रयोग गर्छन् । यहाँ वक्ताकै बोलीलाई आधार लिइएको छ ।*

**३.२.२.८ भाव :**

क्रियाले अवगत गराउने भाषा प्रयोग गर्नेको मनोभाव नै भाव हो । शर्मा (२०६०: पृ.२४२) का अनुसार 'क्रियाको वास्तविक अर्थसँग वक्ता वा लेखकको अभिवृत्ति समेत प्रकट गर्ने क्रियाको रूपलाई भाव भनिन्छ ।' स्तरीय मैथिली भाषामा भाव निम्न प्रकारका रहेका छन् -

**क) सामान्यार्थक-** वक्ता वा लेखकको सामान्य वृत्ति वा निश्चय बुझाउने क्रियाको रूप सामान्यार्थक हो । यसमा निश्चयको भाव रहन्छ ।

जस्तै -

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| रमेश लेख्छ । | रमेश लिखैत अछि । |

**ख) आज्ञार्थक-** वक्ता वा लेखकको आज्ञा, हुकुम, आदेश आदि भाव बुझाउने क्रियारूप आज्ञार्थक हो । जस्तै -

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| वुवाको आज्ञा मान । | पिताक आज्ञा मान । |

**ग) इच्छार्थक-** वक्ता वा लेखकको अनुरोध, इच्छा, प्रार्थना आदि बुझाउने क्रिया रूप इच्छार्थक हो । जस्तै-

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| म घर जाऊँ । | हम घर जाउ । |
| ईश्वरले सबैको रक्षा गरुन् । | ईश्वरसभक रक्षा करैथ/करथु । |

**घ) सम्भावनार्थक-** सम्भावना, अड्कल, अनुमान आदि बुझाउने क्रियारूप सम्भावनार्थक हो । जस्तै -

| नेपाली भाषा | मैथिलीभाषा |
|---|---|

| | |
|---|---|
| म गाउँ जाउँला । | हम गाम जाएब । |

**ङ) सङ्केतार्थक-** वाक्यमा कार्यकारण सम्बन्ध बताउने क्रियारूप नै सङ्केतार्थक हो । जस्तै -

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| पानी पऱ्यो भने तपाईंको घर आउँछु । | पानि पड़त तँ अहाँक घरपर आएव । |

**च) प्रेरणार्थक-** कुनै कार्यव्यापार वा अवस्था कसै वा केहीबाट प्रेरित भएर भएको हो जनाउने भाव प्रेरणार्थक हो । जस्तै -

| नेपाली भाषा | मैथिलीभाषा |
|---|---|
| राम हाँस्यो । (अप्रेरणार्थक) | राम हँसल । (अप्रेरणार्थक) |
| मैले रामलाई हसाएँ । (प्रेरणार्थक) | हम रामके हँसेलौं । (प्रेरणार्थक) |

३.२.२.९ **वाच्य :**

वाक्यमा कर्ता, कर्म वा भाव (क्रिया) मध्ये कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक युक्तिलाई वाच्य भनिन्छ । यो मुख्यत : क्रियासित सम्बन्धित भएर व्यक्त हुन्छ (अधिकारी, २०५५:पृ.१६२) । अर्थमा परिवर्तन नगरी वाक्यका क्रियाको सम्बन्ध कर्ता र कर्मसँग फेर्ने ढङ्गलाई वाच्य भन्दछन् (शर्मा, २०६०:पृ.२४५) । स्तरीय मैथिली भाषामा वाच्य यस प्रकार रहेका छन्-

**क) कर्तृवाच्य-** कर्तृवाच्यमा क्रियाको विषय कर्ता हुन्छ । (शर्मा २०५३:पृ.८२) अर्को शब्दमा कर्ताले क्रियालाई नियन्त्रण गर्नु कर्तृवाच्य हो । जस्तै -

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| रमेश पढ्छ । | रमेश पढैत अछि । |

**ख) कर्मवाच्य-** कर्मवाच्यमा क्रियाको विषय कर्म हुन्छ । कर्मले क्रियालाई नियन्त्रण गर्नु कर्मवाच्य हो ( शर्मा, २०५३:पृ.८२) । जस्तै -

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| रामद्वारा रावण मारियो । | रामक द्वारा रावण मारल गेल । |
| हामीबाट किताब पढाइयो । | हमरा सभक द्वारा किताब पढ़ाएल गेल । |

**ग) भाववाच्य-** वाक्यमा कर्ता गौण रहने तर क्रिया वा क्रियाको भावको प्रधानता रहने युक्तिलाई भाववाच्य भनिन्छ । शर्मा (२०५३:पृ.८३) का अनुसार "भाव वाच्यमा क्रियाको विषय भाव हुन्छ । भाव भनेको कार्य व्यापार हो । यसमा भावकै प्रधानता रहन्छ । जस्तै -

| नेपाली भाषा | मैथिली भाषा |
|---|---|
| यस कुरामा हाँसिँदैन । | एहि गप्पमे हँसल नहि जाइत छैक । |

### ३.२.२.१० करण-अकरण :

क्रियापदको निषेधात्मक कार्य जनाउने व्याकरणात्मक युक्ति नै अकरण हो । यसलाई करणका सापेक्षतामा हेरिन्छ । क्रियापदको सकारात्मक कोटि जनाउँदा करण र नकारात्मक कोटि जनाउँदा अकरण हुन्छ । अर्को शब्दमा अनिषेधात्मक वाक्यलाई 'न' द्वारा निषेधात्मक तुल्याउने प्रक्रियालाई अकरण भन्दछन् भने निषेधात्मक वाक्यलाई 'न' झिकेर अनिषेधात्मक तुल्याउने प्रक्रियालाई करण भनिन्छ । स्तरीय मैथिली भाषामा करण-अकरण नेपालीको सपेक्षतामा यस प्रकार रहेका छन् ।

जस्तै -

| नेपाली भाषा | मैथिलीभाषा |
|---|---|
| तिमी जाऊ । (करण) | तोँ जाह/तूँ जो । (करण) |
| तिमी नजाऊ । (अकरण) | तोँ नहि जाह/तूँ नहि जो । (अकरण) |

नेपाली भाषामा करण वाक्यलाई अकरण बनाउँदा क्रियापदको अगाडि, बीचमा र पछाडि **'न'** जोडिन्छ भने स्तरीय मैथिली भाषामा अकरण बनाउँदा क्रियापदको अगाडिमात्र **'न'** को रूप **'नहि/नइँ'** भएर आउँछ ।

# अध्याय-चार

## स्तरीय मैथिली भाषा र नेपाली भाषाका पदसङ्गति तथा कारक-विभक्तिको व्यतिरेकी अध्ययन

भाषामा शब्दहरूको ठूलो स्थान हुन्छ । भाषालाई व्यवस्थित पार्न व्याकरण चाहिन्छ नै । व्याकरणात्मक कार्य सम्पन्न गर्न शब्दका अतिरिक्त रूप र प्रत्यय समेत सहयोगी देखिन्छन् । यस कार्य अन्तर्गत प्रत्ययद्वारा सङ्केत गरिएका लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य र कारक विभक्ति आउँछन् । यिनै आधारमा वर्गीकृत पद वर्गलाई रूपायन कोटि भनिन्छ । यिनले एउटै शब्दलाई विभिन्न रूपमा लगेर अर्थ बोधमा सहयोग पुऱ्याउँछन् । रूपहरू व्याकरणात्मक कार्य सम्पादन गर्न भाषामा प्रयुक्त हुन्छन् । यिनले शब्दलाई वाक्यमा प्रयोग योग्य बनाउँछन् ।

यस अध्यायमा स्तरीय मैथिली भाषा र नेपाली भाषाका व्याकरणिक कोटिहरू लिङ्ग, वचन, पुरुष, आदर र कारक-विभक्तिको व्यतिरेकी अध्ययन भएको छ ।

### ४.१ लिङ्ग :

पुरुष वा स्त्रीलाई जनाउने चिह्न विशेष नै लिङ्ग हो । यो नाम पदको भाले वा पोथी बुझाउने व्याकरणिक अभिलक्षण हो । त्यसैगरी लिङ्ग पदसङ्गतिका आधारमा पदहरूलाई खास वर्गमा छुट्याउने आधार पनि हो । (यादव र रेग्मी, २०५८:पृ.२००) भाषामा लिङ्ग भन्नाले व्याकरणिक लिङ्ग भन्ने बुझिन्छ । नेपाली भाषमा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई किसिमका लिङ्ग छन् । त्यसैगरी मैथिली भाषाको व्याकरण व्यवस्था अनुसार पुलिङ्ग र स्त्रीलिङ्ग गरी लिङ्ग दुई प्रकारका छन् । उदाहरणका लागि मैथिली भाषा र नेपाली भाषाका केही वाक्यहरूको तुलन निम्न गरिएको छ -

**तालिका –१**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| नोकर आएल/आयल । | नोकर आयो । |
| नोकरनी आएलि/आएलीह । | नोकर्नी आई । |
| तोँ एलह/एलही । | तिमी आयौ । (पु./स्त्री.) |
| रमेश खएलक/खेलथि । | रमेशले खायो/खानुभयो । |
| रीता खेलकै/खयलीह । | रीताले खाई । |
| ई/ओ दौड़लाह/दौड़ल । | ऊ दौडियो । |
| ई/ओ दौड़लीह । | ऊ दौडी । |
| गाछ खसल । | रुख ढल्यो । |
| गाडी आएल । | गाडी आयो । |

माथिको तालिका अध्ययन गर्दा मैथिली भाषामा क्रियाको लिङ्ग भेद मानवीय कर्तामा देखिन्छ । जस्तै : नोकर आएल र नोकर्नी आएलीह। नेपालीमा जस्तै यस्ता वाक्यमा पुलिङ्ग र स्त्रीलिङ्गअनुसार क्रियामा लिङ्ग भेद देखिएको छ । नेपाली भाषामा जस्तै नपुंसकलिङ्गमा भने लिङ्ग भेद देखिएको छैन ।

यस अध्ययनबाट नेपाली भाषाका सापेक्षतामा स्तरीय मैथिली भाषाको लिङ्ग व्यवस्थाको व्यतिरेकी विश्लेषण गर्न विभिन्न पदवर्ग समीक्षा गर्ने प्रयास गरिएको छ ।

### ४.१.१ नामको लिङ्ग :

आँखाले देखेका र मनले महसुस गरेका कुराहरू नै नाम हुन् । वाक्यमा कर्ता, कर्म वा पूरक भई आउने शब्दलाई नाम भनिन्छ । (अधिकारी २०५५:पृ.२०) नेपाली र स्तरीय मैथिली दुबै भाषामा नामको स्त्रीलिङ्ग जनाउँदा प्रयोग गरिने रूपहरू निम्नानुसार पाइन्छन -

**तालिका नं.-२**

| मैथिली | | नेपाली | | शब्द वर्ग |
|---|---|---|---|---|
| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** | **पुलिङ्ग** | **स्त्रीलिङ्ग** | |
| छौंडा | छौंडी (ई) | केटा | केटी (ई) | नाम |
| घोडा | घोडी (ई) | घोडा | घोडी (ई) | नाम |
| किशोर | किशोरी (ई) | किशोर | किशोरी (ई) | नाम |
| देव | देवी (ई) | देव | देवी (ई) | नाम |
| धोबि | धोबिनि (नि) | धोबी | धोबिनी (नी) | नाम |
| मालि | मालिनि | माली | मालिनी (नी) | नाम |

माथिको उदाहरणले स्तरीय मैथिली र नेपाली दुबै भाषामा मानवीय तथा मानवेत्तर प्राणी बुझाउने नामको लिङ्ग भेद गरिएको पाइन्छ भन्ने कुरा देखाएको छ । मैथिली भाषामा र नेपाली दुबैमा आकारान्त पुलिङ्गी शब्दमा (ई) जोडेर स्त्रीलिङ्ग बनाइन्छ भने जातिसूचक नाममा भने (नी) को साटो (नि) जोडेर मैथिलीमा स्त्रीलिङ्ग बनाइन्छ ।

### ४.१.२ सर्वनामको लिङ्ग :

नाम, पदावली वा वाक्यको दोहारिने क्रममा आउने शब्द नै सर्वनाम हो । नाम वा नामपद समूहको पुनरुक्ति रोक्न सट्टामा आउने नामलाई सर्वनाम भनिन्छ । (शर्मा २०६०:पृ.६४ अंग्रेजीमाजस्तो स्तरीय मैथिली र नेपाली दुबै भाषामा सर्वनामको लिङ्ग भेद गरिएको पाइँदैन । जस्तै -

**तालिका नं.-३**

| मैथिली भाषा | | नेपाली भाषा | |
|---|---|---|---|
| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** | **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
| ओ पोथी पढ़ैछ ।<br>तौं गेलह । | ओ पोथी पढ़ैछ ।<br>तौं गेलह । | ऊ किताब पढ्छ ।<br>तँ गइस् । | ऊ किताब पढ्छे ।<br>तँ गइस् । |

माथिको तालिकाबाट मैथिली भाषा र नेपाली भाषा प्रयोग हुने सर्वनामहरूको लिङ्ग भेद नरहेको स्पष्ट हुन्छ । मैथिली भाषामा प्रयोग हुने 'ओ', 'तौँ/तूँ' र नेपालीमा प्रयोग हुने 'ऊ', 'तँ' जस्ता सर्वनामहरू पुलिङ्ग र स्त्रीलिङ्ग दुबै वाक्यमा समान किसिमले प्रयोग भएको देखिन्छ ।

**४.१.३ विशेषणको लिङ्ग :**

जुन शब्दले संज्ञाको विशेषता जाहेर गर्दछ अथवा आफ्नो अर्थ छाडी संज्ञाको सीमित अर्थ बताउँछ त्यो नै विशेषण हो । (झा, १९७६:पृ:१९) कुन, कत्रो, कस्तो, कति, आदिका प्रश्नको जवाफमा आउने शब्दलाई विशेषण भनिन्छ । (शर्मा, २०६०:पृ.६७) ।

स्तरीय मैथिली र नेपाली भाषाका केही विशेषणका लिङ्ग भेदका लागि तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका नं.-४**

| मैथिली भाषा | | नेपाली भाषा | |
|---|---|---|---|
| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** | **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
| कारी भाए/भाय | कारी बहिन | कालो भाइ | काली बहिनी |
| मोटगर छागर | मोटगर पाठी | मोटो बोको | मोटो पाठी |
| नीक बड़द | नीक गाए/गाय | राम्रो गोरु | राम्रो गाई |

नेपालीमा गुणबोधक विशेषणको लिङ्ग भेद गरिन्छ । जस्तै : कालो-काली भने स्तरीय मैथिली भाषामा भने प्रायः लिङ्ग भेद गरेको पाइँदैन ।

**४.१.३.१ भेदक-भेद्यमा लिङ्ग :**

दुबै भाषामा भेद्य-भेदक जनाउने व्याकरणिक प्रक्रिया पाइन्छ । भेदक-भेद्य जनाउने नाम र सर्वनाममा रूपहरूको प्रयोग गरिन्छ । यसलाई षष्ठी विभक्ति सम्बन्धकारकबाट पनि प्रष्टयाउन सकिन्छ । यहाँ दुबै भाषाका भेदक- भेद्यहरूलाई निम्नानुसार स्पष्ट पारिएको छ -

तालिका नं.-५

| मैथिली भाषा | | नेपाली भाषा | |
|---|---|---|---|
| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** | **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
| रामक पिता | रामक माता | रामको पिता | रामकी माता |
| हमरासभहक भाए | हमरसभहक बहिन | हाम्रो भाइ | हाम्री बहिनी |
| ओकर दादा | ओकर दादी | उसको हजुरवुवा | उसकी हजुरआमा |
| मनोजक घर | – | मनोजको घर | – |

उपर्युक्त तालिकामा नेपाली भाषामा मानवीय भेद्य भएका भेदकमा लिङ्ग भेद देखिन्छ । तर स्तरीय मैथिली भाषामा लिङ्ग भेद देखिँदैन । यसरी नेपालीमा 'ई' प्रत्यय प्रयोग गरी मानवीय भेद्यका भेदकहरूको स्त्रीलिङ्ग बनाइन्छ तर मैथिली भाषामा लिङ्ग भेद गरिँदैन । अमानवीय नाम भेद्य भएमा दुबै भाषाको भेदकमा लिङ्ग भेद गरिँदैन भन्ने कुरा माथिको तालिकाले देखाएको छ ।

### ४.१.४ क्रियाको लिङ्ग :

वाक्यमा विधेय भई घटना कार्यव्यापार स्थिति वा अवस्था बुझाउने शब्दलाई क्रिया भनिन्छ । (शर्मा, २०६०पृ.७२) । मैथिलीमा पनि नेपालीमा झैं धातुमा सहायक क्रिया/प्रत्यय लगाई क्रियापद बनाउने प्रक्रियाका अतिरिक्त सहायक क्रिया नै क्रियापद बनाइने प्रक्रिया पाइन्छ । दुबै भाषामा सहायक क्रियामा लगाइने प्रत्ययबाट लिङ्गको बोध गराइन्छ । स्तरीय मैथिली भाषामा मानवीय प्रयोगमा आउने नेपाली क्रिया लिङ्ग भेद गरिँदैन । नेपाली भाषामा मानवीय प्रयोगमा आउने क्रियापदको लिङ्ग भेद गरिन्छ ।

जस्तै - **तालिका नं.-६**

| **मैथिली भाषा** | | **नेपाली भाषा** | |
|---|---|---|---|
| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** | **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
| तूँ/तौँ चिठी लेखैत छें । | तूँ/तौँ चिठी लेखैत छें । | तँ चिठी लेख्छस् । | तँ चिठी लेख्छेस् । |
| ओ भात खाइत अछि । | ओ भात खाइत अछि । | ऊ भात खान्छ । | ऊ भात खान्छे । |

माथिको तालिकाबाट मैथिली भाषामा क्रियाको लिङ्ग भेद गरिएको पाइँदैन भने नेपालीमा भने मानवीय कर्ताअनुसार क्रियामा लिङ्ग भेद भएको जनाइएको छ ।

#### ४.१.४.१ आदरार्थी रूप र लिङ्गः

मैथिलीमा आदररहित क्रियाको लिङ्ग भेद हुँदैन । नेपालीमा आदररहित तथा सामान्य आदरार्थी क्रियाको लिङ्ग भेद गरिन्छ । मैथिली र नेपाली दुबै भाषामा विशेष आदरार्थी क्रियाको पनि लिङ्ग भेद गरिएको पाइँदैन । जस्तै -

**तालिका नं.-७**

| **मैथिली भाषा** | | **नेपाली भाषा** | | **आदर** |
|---|---|---|---|---|
| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** | **पुलिङ्ग** | **स्त्रीलिङ्ग** | |
| अपने बजार जाइत छी । | - | तपाइँ बजार जानुहुन्छ । | - | विशेष आदर |
| तूँ बजार जाइत छें । | - | तँ बजार जान्छस् । | तँ बजार जान्छेस् । | आदर रहित |
| तौँ बजार जाइत छह । | - | तिमी बजार जान्छौं । | तिमी बजार जान्छ्यौ । | सामान्य आदर |

### ४.१.५ सारांशः

नेपाली र मैथिली दुबै भाषामा मुख्यतः पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारका लिङ्ग व्यवस्था भएको पाइन्छ  र यसैमा सबै लिङ्गहरू समेटिन्छन् । दुबै भाषामा लिङ्ग; नाम, सर्वनाम, विशेषण र क्रियासँग सम्बद्व भएको पाइन्छ । दुबैमा स्त्रीलिङ्ग सङ्केतक प्रत्यय 'ई' को प्रयोग पाइन्छ । दुबैमा यो बाहेक अन्य सङ्केतक प्रत्ययहरू छन् । नेपाली भाषामा गुणबोधक विशेणको लिङ्ग भेद मैथिलीको सापेक्षतामा फराकिलो पाइन्छ । नेपालीमा वर्तमान, भूत र भविष्यत् काल, द्वितीय पुरुष र तृतीय पुरुष, आदररहित तथा सामान्य आदरार्थी क्रियाको लिङ्ग भेद गरिन्छ तर मैथिली भाषामा क्रियाको लिङ्गभेद गरिएको पाइँदैन  ।

### ४.२. वचन :

व्याकरणात्मक कोटि वचनले सङ्ख्याको बोध गराउँछ । (शर्मा,२०६०:पृ.१५४) नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटि वचन हो । त्यसैले यसको सम्बन्ध सङ्ख्येय नामसँग रहेको हुन्छ । कुनै एक सङ्ख्याको बोध गराउने कोटिलाई एकवचन र एक भन्दा बढी सङ्ख्याको बोध गराउने कोटिलाई बहुवचन भनिन्छ । मैथिली र नेपाली भाषामा एकवचन र बहुवचन गरी दुईवटा वचन पाइन्छन् । यी दुबै भाषामा आदरार्थी प्रयोगमा बहुवचनको प्रयोग हुन्छ । मैथिली र नेपाली दुबै भाषामा नाम, सर्वनाम र विशेषणका क्रियापदमा वचन भेद देखिन्छ ।

#### ४.२.१. नामको वचनः

मैथिली र नेपाली दुबै भाषामा बहुवचन जनाउने प्रत्ययहरू क्रमशः मैथिलीमा 'सभ' 'लोकनि' र नेपालीमा 'हरू' प्रयोग गरी वचन भेद देखाइन्छ । मैथिली र नेपाली भाषामा नाम, सर्वनाम, विशेषणका बहुवचन रूपलाई निम्नानुसार प्रस्तुत गरिएको छ -

**तालिका नं.-८**

| **मैथिलीभाषा** | **नेपाली भाषा** | |
|---|---|---|
| **बहुवचन** | **बहुवचन** | **शब्दवर्ग** |
| सभ (छौँडासभ) | हरू (केटाहरू) | नाम |
| (ओसभ/ओलोकनि) | हरू (उनीहरू) | सर्वनाम |
| सभ (करियासभ) | हरू (कालाहरू) | विशेषण |
| सभ (बेटासभ) | आ (काला, छोरा) | विशेषण, नाम |
| सभ (ईसभ) | ई (यी, ती) | सर्वनाम |

नामको वचनलाई सङ्ख्येय र असङख्येय गरी दुई भाषामा विभाजन गरी अध्ययन गर्ने प्रयास गरिएको छ ।

#### ४.२.१.१ सङ्ख्येय नाम र वचन :

मैथिली भाषा र नेपाली दुबै भाषामा सङ्ख्येय नामको वचनभेद पाइन्छ । नेपालीमा सङ्ख्येय नाम 'हरू', र 'आ' प्रत्यय वा रूपहरू लगाई बहुवचन वनाउने प्रक्रिया पाइन्छ । त्यसैगरी मैथिली भाषामा सभ/लोकनि प्रत्यय जोडी बहुवचन बनाउने व्याकरणिक नियम रहेको पाइन्छ -

**तालिका नं.-९**

| मैथिलीभाषा | | नेपाली भाषा | |
|---|---|---|---|
| **एकवचन** | **बहुवचन** | **एकवचन** | **बहुवचन** |
| बेटा | बेटासभ | छोरो | छोरा/छोराहरू |
| छौँडा | छौँडासभ | केटो | केटा/केटाहरू |
| घर | घरसभ | घर | घरहरू |
| नेता | नेतासभ/लोकनि | नेता | नेताहरू |
| घरमे मनुक्ख अछि । | घरमे मनुक्खसभ अछि । | घरमा मानिस छ । | घरमा मानिसहरू छन् । |

नेपालीमा भाषामा एकवचन नामको ओकारान्त-उकारान्तलाई आकारान्तमा परिवर्तन गरी वा "हरू" प्रत्यय लगाइन्छ । यी दुबै प्रक्रिया एकैसाथ प्रयोग गरी बहुवचन वनाइन्छ । जस्तै- केटो-केटा, कानु-काना वा केटो-केटाहरू । मैथिली भाषामा यो प्रक्रिया पाइँदैन । मैथिली भाषामा एकवचनलाई बहुवचन बनाउँदा सङ्ख्येय नाममा 'सभ' वा 'लोकनि' प्रत्यय लगाई बहुवचन बनाइन्छ । नेपाली भाषामा कुनै बहुवचन प्रत्यय नलगाई क्रियाको बहुवचनबाट बहुवचन बोध गराइन्छ तर मैथिली भाषामा क्रियापदको बहुवचन रूप परिवर्तन हुन सक्दैन ।

#### ४.२.१.२ असङ्ख्येय नाम र वचनः

मैथिली र भाषा नेपाली दुवै भाषामा सामान्यतया : विशेष परिस्थितिमा केही असङ्ख्येय नामको वचन भेद गरिँदैन । तर केही असङ्ख्येय नामहरूको वचन भेद गरिएको पाइन्छ ।

**तालिका नं.-१०**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| वायु बहुते प्रकारक होइत अछि । | वायु धेरै प्रकारको हुन्छ । |
| हमरालग बहत प्रकारक कलम अछि । | मसँग धेरै प्रकारका कलम छन् । |

मैथिली भाषामा नेपाली जस्तै द्रव्यवाचक नामसँग प्रकारार्थी विशेषण पदावली आएमा बहुवचन प्रयोग हुन नसक्ने देखिन्छ । त्यसैगरी केही पदावली सङ्ख्येयतामा आरोपित भएमा बहुवचनको सङ्गति

नेपाली भाषामा पाइन्छ, तर मैथिलीभाषामा यस्ता पदावलीको बहुवचन लिन नसक्ने देखिन्छ । नेपालीमा असङ्ख्येय नामलाई बहुवचनका रूपमा प्रयोग गरेको पाइन्छ । यस्तो अवस्थामा वाक्यमा प्रयुक्त पदावलीलाई विशेष जोड दिएर बहुवचन बनाउँन सकिने प्रक्रिया छ । मैथिली भाषामा यो प्रक्रिया पाइँदैन । जस्तै : मेरो परिश्रम खेर गयो, वाक्यमा प्रयुक्त 'परिश्रम' लाई बढी जोड दिएर "मेरा परिश्रमहरू खेर गए ।" बनाई बहुवचन बनाउन सकिन्छ ।

### ४.२.२ सर्वनामको वचन :

मैथिली र नेपाली भाषामा पुरुषवाचक सर्वनामको वचनभेद गरिएको पाइन्छ । नेपालीमा 'म' बाहेक प्रायः सर्वनामको बहुवचन बनाउँदा 'हरू' प्रत्यय लगाइन्छ भने मैथिली भाषामा प्रायः सर्वनामको बहुवचन बनाउँदा सभ/लोकनि प्रत्यय लगाइन्छ -

**तालिका-११**

| मैथिली भाषा | | नेपाली भाषा | |
|---|---|---|---|
| **एकवचन** | **बहुवचन** | **एकवचन** | **बहुवचन** |
| हम | हमसभ | म | हामी |
| तूँ/ तौं | तूँ/तौंसभ | तँ/तिमी | तिमीहरू |
| ई | ईसभ | यो/यिनी | यिनीहरू |
| ओ | ओसभ | ऊ | उनीहरू |
| अहाँ | अहाँसभ | तपाईं | तपाईंहरू |
| ओ | ओसभ | तिनी | तिनीहरू |

### ४.२.३. विशेषणको वचनः

मैथिली भाषाका विशेषणहरूको व्यतिरेकी विश्लेषण गर्न उदाहरणहरू निम्नानुसार प्रस्तुत गरिएका छन्

**तालिका नं.-१२**

| मैथिली भाषा | | नेपाली भाषा | |
|---|---|---|---|
| **एकवचन** | **बहुवचन** | **एकवचन** | **बहुवचन** |
| एकटा कलम | पाँचटा कलम | एउटा कलम | पाँचवटा कलम |
| एकटा मनुक्ख | दूटा मनुक्ख | एक जना मानिस | दुईजना मानिस |
| नीक छौंड़ी | निमन छौंड़ीसभ | राम्रो केटी | राम्रा केटाहरू |
| एक टुकड़ा मौस | दूटा टुकड़ा मौस | एक टुक्रा मासु | दुई टुक्रा मासु |
| सुन्दर छौंड़ी | सुन्दर छौंड़ीसभ | राम्री केटी | राम्रा केटीहरू |

माथिका तालिकाको अध्ययन गर्दा मैथिली र नेपाली दुबै भाषामा सङ्ख्यावोधक विशेषणको वचन एक सङ्ख्यावोधक एकवचन र एकभन्दा बढी सङ्ख्यावोधक बहुवचन भएको छ । मैथिली भाषामा

विशेषणको बहुवचन बनाउँदा गुणबोधक विशेषणमा विशेषणको वचन भेद नभई विशेष्यको मात्र वचन भेद 'सभ' रूप जोडी बहुवचन बनाउन सकिन्छ ।

### ४.२.४. **क्रियाको वचन :**

नेपाली भाषामा क्रियाको वचनभेद गरिएको पाइन्छ । मैथिली भाषामा क्रियाको वचन भेद गरिएको पाइँदैन । दुबै भाषाका क्रिया रूपावलीको व्यतिरेकी अध्ययन यसप्रकार गरिएको छ -

**तालिका नं.-१३**

| पुरुष | मैथिली भाषा | | नेपाली भाषा | |
|---|---|---|---|---|
| | एकवचन | बहुवचन | एकवचन | बहुवचन |
| **प्रथम** | इ, ए (खाइत छी, खेलिए, खाएव) | | उ, ए, (खान्छु, खाएँ, खानेछु) | औ (खान्छौं, खायौं, खाने छौं) |
| **द्वितीय** | ई (खाइछिही, खेलिही, खेबही) | | अस्, इस्, एस्, (खान्छस्, खाइस्, खानेछेस्) | औ (खान्छौ, खायौ, खाने छौं) |
| **तृतीय** | ई (खाइत अछि, खाएलक, खाएत) | | अ, ओ (खान्छ, खायो, खाने छ)<br>ए, ई, (खान्छे, खाई) | अन्, ए (खान्छन्, खाए, खाने छन्) |

नेपाली भाषामा औं, औ, अन् ए, रूपबाट क्रियाको बहुवचन बनाइन्छ तर स्तरीय मैथिली भाषामा एकवचनलाई बहुवचन बनाउँदा क्रियाको रूपमा परिवर्तन गरिएको पाइँदैन । मैथिली भाषामा प्रथमपुरुष कर्ताको एकवचन र बहुवचनलाई क्रियापदको रूपमा "ए" प्रत्यय प्रयोग गरिएको छ । त्यसैगरी द्वितीय पुरुष र तृतीय पुरुष क्रियापदको एकवचन र बहुवचनमा 'इ' र 'ए' प्रत्यय प्रयोग गरिएको पाइन्छ । नेपाली भाषाको एकवचन प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुषलाई बहुवचन बनाउँदा क्रियाको रूपमा औं, ओ. अन, ए प्रत्यय जोडिएको पाइन्छ ।

### ४.२.५ सारांशः

स्तरीय मैथिली भाषा र नेपाली भाषामा वचन दुई प्रकारका पाइन्छ । एकवचन र बहुवचन गरी दुई प्रकार रहेको वचन; नाम, सर्वनाम, विशेषण र क्रियासँग सम्बद्ध रहेको देखिन्छ । नेपाली भाषामा सर्वनामको बहुवचन बनाउँदा 'हरू' रूपको प्रयोग गरिन्छ तर स्तरीय मैथिली भाषामा सामान्यत : 'सभ' र 'लोकनि' रूपको प्रयोग गरिन्छ । नेपालीमा सामान्यतः क्रियाको वचनभेद गरिन्छ । मैथिली भाषामा क्रियाको वचनभेद पाइँदैन । स्तरीय मैथिली भाषामा सभ/लोकनि रूपको प्रयोग गरी बहुवचनको बोध गराइएको पाइन्छ ।

## ४.३ पुरुष :

कथनका सन्दर्भमा जनाउने व्यकारणात्मक कोटि पुरुष हो । यो विशेषत : सर्वनामसँग सम्बन्धित हुन्छ । नाम र सर्वनामसँग सम्बद्ध व्याकरणात्मक कोटि पुरुष हो । यसले व्यक्तिको बोध गराउँदछ ।

**तालिका नं.-१४**

| | मैथिली भाषा | | | | | नेपाली भाषा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | एकवचन | | | बहुवचन | | एकवचन | | | बहुवचन | |
| | सर्वनाम | क्रियापद | | सर्वनाम | क्रियापद | सर्वनाम | क्रियापद | | सर्वनाम | क्रियापद |
| | | पुलिङ्ग | स्त्रीलिङ्ग | | पुलिङ्ग | | पुलिङ्ग | स्त्रीलिङ्ग | | |
| अ. मानवीय १. प्रथम पुरुष | हम | जाइत छी | – | हमसभ | जाइत छी | म | जान्छु | – | हामी/हामी हरू | जान्छौं |
| २. द्वितीय पुरुष | तौं, तूँ | जाइत छह | – | तौं, तूँसभ | जाइत छी | तँ | जान्छस् | जान्छेस् | तिमीहरू | जान्छौं |
| | अपने | जाइत छी | – | अपनेसभ | जाइत छी | तपाईँ | जानुहुन्छ | – | तपाईँहरू | जानुहुन्छ |
| | अपने | जाइत छी | – | अपनेसभ, लोकनि | जाइत छी | यहाँ | जानुहुन्छ | – | यहाँहरू | जानुहुन्छ |
| | – | – | – | – | – | हजुर | गइबक्सिन्छ | – | हजुरहरू | गइबक्सिन्छ |
| | – | – | – | – | – | मौसूफ | सवारी होइबक्सन्छ | – | मौसूफहरू | सवारी होइबक्सन्छ |
| ३. तृतीय पुरुष | ओ | जाइत अछि | – | ओसभ | जाइत अछि | यो | जान्छ | जान्छे | यिनीहरू | जान्छन् |
| | – | – | – | – | – | यिनी | जान्छन् | जान्छिन् | यिनीहरू | जान्छन् |
| | – | – | – | – | – | यहाँ | जानुहुन्छ | – | यहाँहरू | जानुहुन्छ |
| | – | – | – | – | – | ऊ | जान्छ | जान्छे | उनीहरू | जान्छन् |
| | – | – | – | – | – | त्यो | जान्छ | जान्छे | ती/तिनीहरू | जान्छन् |
| | – | – | – | – | – | उनी | जान्छन् | जान्छिन् | उनीहरू | जान्छन् |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | – | – | – | – | – | तिनी | जान्छन् | जान्छिन् | तिनीहरू | जान्छन् |
| | – | – | – | – | – | उहाँ | जानुहुन्छ | – | उहाँहरू | जानुहुन्छ |
| | – | – | – | – | – | मौसूफ | सवारी..... | – | मौसूफहरू | सवारी..... |
| आ. अमानवीय | ई | | | ईसभ | | यो | | | यी/यिनीहरू | |
| | ओ | | | ओसभ | | त्यो | | | ती/तिनीहरू | |

### ४.३.१. सर्वनामको पुरुष :

'म' र 'हामी' सर्वनामबाट प्रथम पुरुषको बोध गराइन्छ भने स्तरीय मैथिली भाषामा 'हम' 'हमसभ' बाट प्रथम पुरुषको बोध गराइएको पाइन्छ । नेपालीमा द्वितीय पुरुषबोध गराउन 'तँ', 'तिमी', 'तपाइँ', 'हजुर' र मौसूफ सर्वनामको प्रयोग गरिन्छ, त्यसैगरी स्तरीय मैथिली भाषामा 'तूँ', 'तोँ', 'अपने', 'अहाँ' जस्ता सर्वनामको प्रयोग गरिएको पाइन्छ । दुबै भाषामा उपर्युक्त सर्वनाम मानवीय प्रयोगमा आउँछन् । दुबै भाषामा अमानवीय सर्वनामको प्रयोग सामान्यतः तृतीय पुरुषमा भएको पाइन्छ । नेपालीमा एकवचनबोधक पुरुष बहुवचन बनाउँदा 'म' को 'हामी' बनाउने प्रक्रिया बाहेकमा 'हरू' प्रत्यय जोडिन्छ तर मैथिली भाषामा सम्पूर्ण पुरुषबोधक सर्वनाममा सभ/लोकनि प्रत्यय जोडिन्छ । विशेषतः आदरवाची कर्ताका लागि 'लोकनि'को प्रयोग गरिने व्यवस्था छ । जस्तै-

**तालिका नं.-१५**

| पुरुष | मैथिली भाषा | | नेपाली भाषा | |
|---|---|---|---|---|
| | एकवचन | बहुवचन | एकवचन | बहुवचन |
| **प्रथम पुरुष** | हम | हमसभ | म | हामी |
| **द्वितीय पुरुष** | तूँ, तोँ, अहा, अपनेँ | तूँसभ, तोँसभ, अहाँसभ,अपनेलोकनि | तँ, तिमी, तपाइँ | तिमीहरू, तपाइँहरू |
| **तृतीय पुरुष** | ओ, ई | ओसभ, ईसभ | ऊ, यो, त्यो, | उनीहरू, यिनीहरू |

### ४.३.२. क्रियाको पुरुष :

नेपालीमा 'ऊ' 'एँ', 'औ' 'एँछु' रूपले प्रथम पुरुष सङ्केत गर्दछ । स्तरीय मैथिली भाषामा 'ऐ' र 'ई' रूपले प्रथम पुरुष क्रियाको सङ्केत गर्दछ । द्वितीय पुरुषको लागि नेपालीमा आ, एस्, औ, ऊ, र नुहुन्छ रूपको प्रयोग पाइन्छ । मैथिली भाषामा 'ई' र 'ऐ' रूपले द्वितीय पुरुषको बोध गराउँदछन् । मैथिली र नेपाली भाषाका क्रियाको पुरुषको व्यतिरेकी अध्ययनका लागि निम्न तालिका सरल हुनेछ -

**तालिका नं.–१६**

| पुरुष | मैथिलीभाषा | नेपाली भाषा |
|---|---|---|
| **प्रथम** | ऐ, ई (खाइत छी, खेलियै, खाएब, खेलहुँ) | ऊ, एँ, औँ, एछ (खान्छु, खाएँ, खान्छौं, खानेछ ) |
| **द्वितीय** | ओ, ऐक (जो, जाइत छियैक ) | आ, ओ, छ (जा, जाओ, जानुहुन्छ) |
| **तृतीय** | ऐ, ई, इन्, अ (पढैछै, गेली, पढै छथिन्, गेल) | अ, ई, अन्, ए (पढ्छ, गई, पढ्छन्, गए) |

स्तरीय मैथिली भाषामा 'इ, ई' रूपले  तीनै पुरुषका क्रियाको सङ्केत गर्दछ ।

जस्तै- (क) हम भात खाइत छी । (प्रथम पुरुष)     म भात खान्छु ।

(ख) अपनेसभ बजार जाइत छी । (द्वितीय पुरुष) तपाइँहरू बजार जानुहुन्छ ।

(ग) ओ भात खाइत छथिन्ह । (तृतीय पुरुष) उहाँ भात खानुहुन्छ ।

नेपालीमा भने तीनै पुरुषको सङ्केत गर्ने एउटै क्रिया रूप पाइँदैन ।

**४.३.३. पुरुषका आदर तह :**

भाषामा आफ्नै प्रकारका आदर तह पाइन्छन् । सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, उमेरगत आदिका आधारमा आदरका तह निर्धारण हुन्छन् । नेपालीमा आफ्नो परिवारका आफूभन्दा ठूला सदस्यहरू आदरार्थी छन् तर मैथिली भाषामा सामान्यतः आदरार्थी परिवारका ठूला सदस्यहरूमा पनि पाइँदैन  । यी दुबै भाषामा रहेका आदरार्थीको व्यतिरेको विश्लेषणका लागि निम्न तालिका प्रस्तुत गरिएको छ -

**तालिका नं.–१७**

| पुरुष | मैथिली भाषा | नेपाली भाषा |
|---|---|---|
| **प्रथम** | हम/हमसभ खाइत छी/खेलियै । | म/हामी खान्छु/खान्छौँ ।) |
| **द्वितीय** | तूँ/तूसभ जो/जाइत छियैक । | तँ/तिमीहरू जा/जाओ । |
| **तृतीय** | ओ पढैछै/गेली । | ऊ पढ्छ/गई । |

**४.३.३.१ आदररहित :**

आदररहित तहलाई अनादरार्थी तह पनि भनिन्छ । नेपालीमा द्वितीय पुरुषवोधक 'तँ'  तथा तृतीय पुरुषबोधक 'त्यो, 'ऊ', र मैथिली भाषामा द्वितीय पुरुषवोधक 'तूँ', तोँ तथा तृतीय पुरुषबोधक ई, ओ सर्वनामले अनादरार्थी तहको सङ्केत गर्दछन् ।

**४.३.३.२  सामान्य आदर :**

स्तरीय मैथिली भाषामा तूँ/तोँ र नेपालीमा 'तिमी' सर्वनामले द्वितीय पुरुष बोधक सामान्य आदरार्थीको सङ्केत गर्दछन् । मैथिली भाषामा 'ई', 'ओ', ले र नेपालीमा 'यिनी', 'तिनी', 'उनी', सर्वनामले तृतीय पुरुषबोधक सामान्य आदर व्यक्त गरेको पाइन्छ ।

#### ४.३.३.३ विशेष आदरः

नेपालीमा 'तपाईं', 'यहाँ' र स्तरीय मैथिलीमा 'अपने', 'अहाँ', द्वितीय पुरुष बोधक सर्वनामबाट विशेष आदरको अभिव्यक्ति भएको पाइन्छ । स्तरीय मैथिली भाषामा तृतीय पुरुषको विशेष आदर तहको पाइँदैन तर नेपाली भाषामा 'यहाँ', 'उहाँ' तृतीय पुरुषबोधक सर्वनामबाट विशेष आदरबोध गराइएको पाइन्छ ।

#### ४.३.३.४ उच्च आदर र उच्चतम आदर :

नेपाली भाषामा 'हजुर' सर्वनाम र 'बक्सिन्छ' प्रत्यय लागेका क्रियापदबाट उच्च आदर तथा 'मौसूफ' सर्वनाम र 'सवारी होइबक्सनु', 'सुकला होइबक्सनु' जस्ता क्रियापदबाट उच्चतम् आदरार्थी बोध गराइएको पाइन्छ । स्तरीय मैथिली भाषामा उच्च र उच्चतम आदर तह पाइँदैन ।

### ४.३.४. सारांशः

मैथिली र नेपाली दुबै भाषामा प्रथम, द्वितीय र तृतीय गरी पुरुषका तीन प्रकार पाइन्छन् । दुबै भाषामा पुरुषबोधक सर्वनाम र क्रियामा प्रयोग गरिने रूपहरू (प्रत्यय) अलग-अलग रहेका पाइन्छन् । नेपालीमा पुरुषका पाँच आदर तह पाइन्छन् भने मैथिली भाषामा तीन तह (आदररहित, सामान्य आदर र विशेष आदर) मात्र पाइन्छन् । यस प्रकार दुबै भाषामा पुरुष सर्वनाम र क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि हो ।

## ४.४. कारक- विभक्तिः

क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने नामिक पदको रूप कारक हो । कारक बुझाउन आउने चिन्हचाहिँ विभक्ति हो । वाक्यमा नामिक शब्दको प्रतिफलन (कर्ता, कर्म आदि) जनाउने व्याकरणात्मक कोटिलाई कारक भनिन्छ । नामिकका पछाडि आएर विभिन्न कारक बुझाउने चिह्नलाई विभक्ति भनिन्छ । वाक्यको बाह्य संरचनामा विभिन्न कार्य सम्पादन गर्न आएका नामिक पद र क्रियाको सम्बन्धलाई कारकको रूपमा लिन सकिन्छ । सबै भाषामा कारक व्यवस्था समानता पाइँदैन । नेपालीमा अर्थका आधारमा र रूपका आधारमा कारकलाई वर्गीकरण गरिएको पाइन्छ ।

मैथिली भाषा र नेपाली भाषाका कारक-विभक्तिको तुलनात्मक प्रस्तुति यस प्रकार गरिएको छ -

**तालिका-१८**

| **कारक** | **मैथिली भाषा** | **नेपाली भाषा** | **अर्थ** |
|---|---|---|---|
| **कर्ता** | – | ले | काम गर्ने |
| **कर्म** | कैँ | लाई | गरिने |
| **करण** | सँ | ले, बाट, द्वारा | साधन |
| **सम्प्रदान** | लेल | लाई, लागि, निम्ति | उद्देश्य |
| **अपादान** | सँ | देखि, बाट | छुट्टिनु |
| **सम्बन्ध** | क, रा, न, ना | को, का, की, रो, रा ,री, नो, ना, नी | सम्बन्ध |
| **अधिकरण** | पर, मे | मा, माथि | आधार |

अर्थका आधारमा मैथिली र नेपाली भाषामा कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, सम्बन्ध र अधिकरण गरी सात किसिमका कारक पाइन्छन् । कतिपय अहिलेका व्याकरणकारहरूले सम्बन्ध कारकलाई कारकका रूपमा राखेका छैनन् ।

**४.४.१ अर्थका आधारमा कारक :**

मैथिली र नेपाली भाषाका कारक-विभक्तिलाई अर्थका आधारमा व्यतिरेकी अध्ययन यसप्रकार गरिन्छ-

**४.४.१.१ कर्ता कारक :**

क्रियापदसँग सम्बन्ध राखी कार्य सम्पादन गर्ने नाम वा सर्वनामलाई कर्ता कारक भनिन्छ । यसमा सामान्यतया ‘ले’ विभक्ति लाग्दछ । मैथिली र नेपाली भाषामा कर्ता कारक र यसमा लाग्ने विभक्तिको व्यतिरेकी अध्ययन यसप्रकार छ -

**तालिका- १९**

| **मैथिली भाषा** | **नेपाली भाषा** |
|---|---|
| हम चिठी लिखलौं/लिखलहुँ । | मै**ले** चिठी लेखेँ । |

नेपालीमा कर्तृवाच्यको सामान्य भूतमा सकर्मक क्रियाका साथ अनिवार्य रूपमा 'ले' विभक्ति लगाइन्छ तर मैथिलीमा कर्तृवाच्यको कर्ता कारकमा कुनै विभक्ति लगाइँदैन ।

### ४.४.१.२ कर्म कारक :

क्रियाबाट सम्पन्न हुने कामको असर जसमा पर्छ, त्यसलाई कर्म कारक भनिन्छ । यसमा सामान्यतया 'लाई' विभक्ति लाग्दछ । मैथिली भाषामा 'के' र नेपालीमा 'लाई' विभक्ति प्रयोग गरी कर्म कारकको वोध गराइन्छ । नेपाली र मैथिली दुबै भाषामा निर्जीव नामपद कर्म कारकमा भए विभक्ति लोप गरिएको पाइन्छ । मैथिली र नेपाली भाषामा कर्म कारक र यस लाग्ने विभक्तिको व्यतिरेकी अध्ययन यस प्रकार छ -

**तालिका नं.-२०**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| राम भाएकैं मारैत अछि । | राम भाइलाई पिट्छ । |
| भाइजी भौजीकैं बजबैत छथिन्ह । | दाजु भाउजूलाई बोलाउनुहुन्छ । |
| ओ कलम तोड़ैत अछि । | ऊ कलम भाँच्छ । |

### ४.४.१.३ करण कारक:

क्रिया सम्पन्न गर्न कर्ताले प्रयोग गर्ने साधनलाई करण कारक भनिन्छ । यसमा 'ले', 'बाट' र 'द्वारा' विभक्ति लाग्दछन् । मैथिली र नेपाली भाषामा करण कारकमा लाग्ने विभक्तिको व्यतिरेकी अध्ययन यस प्रकार छ -

**तालिका नं.-२१**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| हम कलमसँ चिठी लिखैत छी । | म कलमले चिठी लेख्छु । |
| राम गुलेतीसँ चिड़ै मारैत अछि । | राम गुलेलीले चरा मार्छ । |

मैथिलीमा 'सँ' र नेपालीमा 'ले' 'बाट' र 'द्वारा' विभक्तिबाट करण कारकको बोध गराइएको पाइन्छ ।

### ४.४.१.४ सम्प्रदान कारक:

कर्ताले जसका लागि कार्य सम्पन्न गर्दछ, त्यसलाई सम्प्रदान कारक भनिन्छ । नेपालीमा 'लाई' 'लागि' र 'निम्ति' विभक्ति लाग्दछन् । वाक्यमा यसले क्रियाको व्यापारमा लक्षित हुने नामिक रूपलाई

जनाउँछ । मैथिली र नेपाली भाषामा सम्प्रदान कारकमा लाग्ने विभक्तिको व्यतिरेकी अध्ययन यस प्रकार छ -

तालिका नं.-२२

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| हम भाएकेँ किताब दैत छी । | म भाइलाई किताब दिन्छु । |
| पुजारी पूजाक लेल फूल तोडैत अछि । | पुजारी पूजाको लागि फूल टिप्छन् । |
| हम बेटीकेँ चैकलेट दैत छी । | म छोरीलाई चकलेट दिन्छु । |

मैथिलीमा 'केँ' 'क लेल' र नेपालीमा 'लाई', 'लागि' र 'निम्ति' विभक्ति प्रयोग गरी सम्प्रदान कारक बोध गराइएको पाइन्छ ।

### ४.४.१.५ अपादान कारकः

कुनै ठाउँ र समयबाट व्यक्ति, वस्तु आदि छुट्टिएको वा छुट्टिने क्रम जनाउने कारकलाई अपादान कारक भनिन्छ । नेपाली 'देखि' र 'बाट' विभक्ति लाग्दछन् । मैथिली र नेपालीमा अपादान कारक र यसमा लाग्ने विभक्तिहरू निम्नानुसार रहेका छन् -

**तालिका नं.- २३**

| **मैथिली भाषा** | **नेपाली भाषा** |
|---|---|
| गाछसँ चिड़ै उड़ि गेल । | रुखबाट चरो उड्यो । |
| हम विराटनगरसँ एलहुँ । | म विराटनगरबाट आएँ । |
| भोरसँ पानि पड़ैछ । | बिहानदेखि पानी पर्दैछ । |

मैथिलीमा 'सँ' र नेपालीमा 'बाट' र देखि विभक्तिबाट अपादान कारकको सङ्केत गरिन्छ ।

### ४.४.१.६ सम्बन्ध कारक :

वाक्यमा सम्बन्ध कारकले नामिक रूपको सम्बन्ध वा स्वामित्व जनाउँछ । नेपाली र मैथिली भाषामा सम्बन्ध कारक र यसका विभक्तिहरूको व्यतिरेकी अध्ययन यस प्रकार रहेको छ -

**तालिका नं.- २४**

| **मैथिली भाषा** | **नेपाली भाषा** |
|---|---|
| हमर भाय, हमर काका, हमर बहिन | मेरो भाइ, मेरा काका, मेरी बहिनी |

| | |
|---|---|
| अप्पन घर, अप्पन माए | आफ्नो घर, आफ्नी आमा |
| श्यामक बेटी, श्यामक बेटा | श्यामकी छोरी, श्यामको छोरा |
| हमर सभऽक देश, हमर सभऽक घर | हाम्रो देश, हाम्रो घर |

मैथिली भाषा र नेपाली भाषामा 'क', 'र' र 'न' रूपले सम्बन्ध कारकको सङ्केत गरेको पाइन्छ । मैथिली भाषामा प्रयोग भएको सम्बन्ध कारकका विभक्तिहरूले लिङ्गभेद र वचनभेद सङ्केत गरेको पाइँदैन भने नेपालीमा वचन र लिङ्गसमेतको सङ्केत गरेको पाइन्छ ।

**४.४.१.७ अधिकरण कारक:**

कुनै वस्तुसँग क्रियाको आधार देखाउनेलाई अधिकरण कारक भनिन्छ । यसमा 'मा' र 'माथि' विभक्ति लाग्दछ । वाक्यमा क्रियाको आधार हुने नामिक रूपलाई अधिकरण कारक भनिन्छ । मैथिली र नेपाली भाषामा अधिकरण कारक र यसमा लाग्ने विभक्तिको व्यतिरेकी अध्ययन यसप्रकार रहेको छ -

**तालिका- २५**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| चिड़ै गाछपर अछि । | चरा रुखमा छ । |
| हम घरमे छी । | म घरमा छु । |
| रेडियो टेवुलपर अछि । | रेडियो टेवुलमाथि छ । |
| राम अप्पन काज समयपर करैत अछि । | राम आफ्नो काम समयमा गर्छ । |

नेपालीमा 'मा' 'माथि' र मैथिलीमा 'पर', 'मे' विभक्तिको प्रयोग गरी अधिकरण कारकको बोध गराएको पाइन्छ ।

**४.४.२ रूपका आधारमा कारक :**

रूपका आधारमा मैथिली र नेपाली भाषामा सरल र तिर्यक् गरी कारकलाई दुई भागमा विभाजन गरिएको छ -

**४.४.२.१ सरल कारक :**

वाक्यमा प्रयोग हुँदा विकार नआउने तथा 'ले', 'लाई' आदि विभक्ति चिह्न र नामयोगी नलागेका नामिकपदलाई सरल कारक भनिन्छ ।

**तालिका नं.- २६**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| हवा चलल । | हावा चल्यो । |

### ४.४.२.२ तिर्यक् कारकः

वाक्यमा प्रयोग हुँदा विकार आउने तथा 'ले', 'लाई' आदि विभक्ति र नामयोगी लागेका वा नलागेका नामिक पदलाई तिर्यक् कारक भनिन्छ ।

**तालिका नं.-२७**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| हवासँ जाड़ भेल । | हावाले जाडो भयो । |

नेपाली र मैथिलीमा सरल र तिर्यक् कारकको व्यतिरेकी अध्ययनको लागि तुलनात्मक प्रस्तुति यसप्रकार रहेको छ -

**तालिका नं.-२८**

| मैथिली भाषा | | कारक | नेपाली भाषा | |
|---|---|---|---|---|
| **सरल** | **तिर्यक्** | | **सरल** | **तिर्यक्** |
| हवा चलल । | हवासँ जाड़ भेल । | कर्ता | हावा चल्यो । | हावाले जाडो भयो । |
| हम किताब पढै छी । | हम भायकेँ पढ़बैत छी । | कर्म | म किताब पढ्छु । | म भाइलाई पढाउँछु । |
| × | राम कलमसँ चिठी लिखैत अछि । | करण | × | राम कलमले चिठी लेख्छ । |
| × | हम बेटीकेँ चौकलेट दैत छी । | सम्प्रदान | × | म छोरीलाई चकलेट दिन्छु । |
| × | गाछसँ चिडै उड़ल । | अपादान | × | रुखबाट चरा उड्यो । |
| × | हमर घर | सम्बन्ध | × | मेरो घर |
| × | हम साझमेँ जाइत छी । | अधिकरण | × | म साँझमा जान्छु । |

| | | | | |
|---|---|---|---|---|
| हम रातिमैँ अवैत छी । | हम रातिमैँ अवैत छी । | | म राती आउँछु । | × |

मैथिली र नेपाली भाषामा कर्ता, कर्म र अधिकरण सरल कारकमा प्रयोग भएको पाइन्छ । दुवै भाषामा कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, सम्बन्ध र अधिकरणमा तिर्यक् प्रयोग भएको पाइन्छ ।

**४.४.३. सारांश:**

मैथिली भाषा र नेपाली दुबै भाषामा अर्थका आधारमा कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, सम्बन्ध र अधिकरण गरी सात प्रकारका कारक पाइन्छन् । रूपका आधारमा सरल र तिर्यक् गरी दुई प्रकार कारक छन् । दुबै भाषामा कर्म, र अधिकरणमा विभक्ति लगाइने र नलगाइने प्रक्रियामा समानता पाइन्छ । करण, सम्प्रदान, अपादान र सम्बन्ध कारकमा अनिवार्य रूपमा समानता पाइन्छ । मैथिली भाषामा कर्ता कारकमा विभक्ति चिह्न प्रयोग गरिँदैन भने नेपालीमा 'ले' विभक्ति प्रयोग गरिएको पाइन्छ । मैथिली र नेपाली दुबै भाषामा सामान्य एउटा कारकमा लाग्ने विभक्ति अर्को कारकमा प्रयोग गरिएको पाइन्छ । मैथिलीमा 'मे' बाहेक अन्य विभक्तिहरू दोहोरिएका पाइन्छन् । नेपालीमा कर्ता र करण कारकमा 'ले' विभक्ति, कर्म र सम्प्रदान कारकमा 'लाई' विभक्ति साथै करण र अपादान कारकमा 'बाट' विभक्ति प्रयोग भएको पाइन्छ । त्यसै गरी मैथिली भाषामा कर्म, सम्प्रदान र सम्बन्ध कारकमा 'कैँ' विभक्ति साथै करण र अपादान कारकमा 'सँ' विभक्ति प्रयोग भएको पाइन्छ ।

# अध्याय- पाँच

## स्तरीय मैथिली र नेपाली भाषाको काल, पक्ष, भाव र वाच्यका आधारमा व्यतिरेकी अध्ययन

तीन भिन्नाभिन्नै व्याकरणात्मक कोटिहरूका रूपमा काल, पक्ष र भाव आउँछन् । यी तीनै कोटिहरूको सङ्केत क्रियाबाट पाइन्छ, त्यसैले व्याकरणमा काललाई क्रियाको काल, पक्षलाई क्रियाको पक्ष र भावलाई क्रियाको भाव भनिन्छ । काल क्रियापदको समय सङ्केतक कोटि हो भने पक्षले खास कालको परिवेशभित्र क्रियाका प्रकृति तथा वितरणलाई जनाउँछ । क्रियाद्वारा वक्ताको मनोभाव जनाउने कोटिलाई भाव वा वृत्ति भनिन्छ । वाच्यको अर्थ भनाइ हो । अर्थमा परिवर्तन नगरी वाक्यका क्रियाको सम्बन्ध कर्ता र कर्मसँग फेर्ने ढङ्गलाई वाच्य भन्दछन् ।

क्रियापदको निषेधात्मक कार्य जनाउने व्याकरणात्मक युक्तिलाई अकरण भनिन्छ । यसलाई करणका सापेक्षतामा हेरिन्छ । यस अध्यायमा भाषाका व्याकरणका दृष्टिले महत्त्वपूर्ण कोटिहरू काल, पक्ष, भाव र वाच्यका रूपलाई मैथिली र नेपाली भाषा बीच व्यतिरेकी अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ५.१. काल :

काल भनेको समय हो । व्याकरणका सन्दर्भमा काल भनेर क्रियाको काल भन्ने बुझिन्छ । काल एक प्रकारको व्याकरणात्मक कोटि हो । क्रियाले सङकेत गर्ने समयलाई काल भनिन्छ । काल क्रियापदको समय सङ्केतक कोटि हो ।

नेपाली भाषामा परम्परागत व्याकरणमा भूत, वर्तमान र भविष्यत् गरी काललाई तीन भागमा विभाजन गरिएको छ । आधुनिक नेपाली व्याकरणमा रूपात्मक व्यवस्थाका आधारमा काललाई भूत र अभूत गरी दुई भागमा विभाजन गरिएको पाइन्छ । मैथिली भाषामा भूत, वर्तमान र भविष्यत् गरी काल तीन प्रकारका छन् । नेपाली भाषाको सापेक्षतामा मैथिली भाषाको काल व्यवस्थाको व्यतिरेकी अध्ययन तल गरिएको छ -

### ५.१.१ वर्तमान काल

वर्तमान कालले अहिलेको समयलाई बुझाउँछ । क्रियामा वर्णित कार्यव्यापार अहिले हुने भन्ने बुझाउन प्रयोग हुने क्रियाको रूपलाई वर्तमान काल भनिन्छ । यस कालमा क्रियाको कार्यव्यापार थालनी गरिसकिएको तर समाप्त नभएको जनाउँछ ।

मैथिली भाषा र नेपाली भाषामा वर्तमान कालको व्यतिरेकी अध्ययन गर्न क्रियारूपावलीहरूलाई निम्ननुसार प्रस्तुत गरिएको छ-

**तालिका नं.- २९**

| पुरुष | मैथिली भाषा | | | नेपाली भाषा | | |
|---|---|---|---|---|---|---|
| | पु. | स्त्री. | बहुवचन | पु. | स्त्री. | बहुवचन |
| प्रथम | छी (खाइत छी) | – | – | छु (खान्छु) | – | छौं (खान्छौं) |
| द्वितीय | छी (खाइत छे) | – | – | छस् (खान्छस्) | छेस्(खान्छेस्) | छौ (खान्छौ) |
| सामान्य आदर | छह (खाइत छह) | – | – | छौं (खान्छौं) | छयौं (खान्छयौ) | छौ (खान्छौं) |
| विशेष आदर | छी (खाइत छी) | – | – | नुहुन्छ (खानुहुन्छ) | – | – |
| तृतीय | अछि (खाइत अछि) | – | – | छ (खान्छ) | छे(खान्छे) | छन्(खान्छन्) |
| सामान्य आदर | छथिन्ह (खाइत छथिन्ह) | – | – | छन् (खान्छन्) | छिन्(खान्छिन्) | छन् (खान्छन्) |

यहाँ उल्लेख गरिएको अनुसार मैथिली भाषामा 'छी', 'छह' र 'अछि' 'छथिन्ह' र नेपालीमा 'छु', 'छस्', 'छेस्', 'छौं', 'छौ', 'छे', 'छन्', नुहुन्छ, छ, छिन् जस्ता धातुमा लाग्ने रूपबाट वर्तमानकालको बोध गराइएको पाइन्छ ।

### ५.१.२. भूतकाल :

भूतकालले बितिसकेको कुरालाई जनाउँछ । यसबाट वक्ताले बोलेको कालमा घटित भइसकेको बुझिन्छ । काम सिद्व भइसकेको काल जनाउने हुँदा भूतकाललाई सिद्व काल पनि भन्न सकिन्छ

। भूतकालले क्रियाको त्यस रूपलाई जनाउँछ, जसमा वर्णित व्यापार वा अवस्थाको समय कथनक्षण ( अहिले) भन्दा पहिले नै सकिएको हुन्छ ।

**तालिका नं.-३०**

| पुरुष | मैथिली भाषा | | | नेपाली भाषा | | |
|---|---|---|---|---|---|---|
| | **पुलिङ्ग** | **स्त्री.** | **बहुवचन** | **पुलिङ्ग** | **स्त्री.** | **बहुवचन** |
| प्रथम | एलहुँ ( खयलहुँलौं) | – | – | एँ (खाएँ) | – | यौं (खायौं) |
| द्वितीय | लैं (खयलैं) | – | – | इस् (खाइस्) | – | यौ (खायौ) |
| सामान्य आदर | लह (खयलह) | – | – | यौ (खायौ) | – | – |
| विशेष आदर | एलहुँ (खयलहुँ) | – | – | नुभयो ( खानुभयो) | – | – |
| तृतीय | अक (खेलक) | – | – | यो (खायो) | ई(खाई) | ए (खाए) |
| सामान्य आदर | न्हि (खेलन्हि) | – | – | ए (खाए) | इन्(खाइन्) | ए (खाए) |

मैथिली भाषामा लिये 'एलहुँ', 'लैं', 'लह', 'एलहुँ', 'अक' र नेपालीमा 'एँ', 'इस्', 'यौ', 'यौं', 'ई', 'ए', 'इन्', आदि धातुमा लाग्ने रूपबाट भूतकालको बोध गराइएको पाइन्छ ।

**५.१.३. भविष्यत् काल:**

भविष्यत् कालले पछि आउने समयलाई जनाउँछ । यस कालमा कार्यब्यापार वा अवस्था आउँदो समयमा हुने बुझिन्छ ।

मैथिली र नेपाली भाषाका भविष्यत् कालको क्रिया रूपावली निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं.-३१**

| पुरुष | मैथिली भाषा | | | नेपाली भाषा | | |
|---|---|---|---|---|---|---|
| | **पुलिङ्ग** | **स्त्री.** | **वहुवचन** | **पुलिङ्ग** | **स्त्री.** | **वहुवचन** |
| प्रथम | यब (खायब) | – | – | ने छु (खाने छु) | – | ने छौं (खाने छौं) |
| द्वितीय | यब (खायब) | – | – | ने छस्( खानेछस्) | ने छेस् ( खानेछस्) | ने छौ (खाने छौ) |
| सामान्य आदर | यब (खायब) | – | – | ने छौ (खाने छौ) | ने छ्यौ(खाने छ्यौ) | ने छौ (खाने छौ) |
| विशेष आदर | यत (खायत) | – | – | नुहुने छ ( खानुहुने छ) | – | – |
| तृतीय | तिनह ( खेतिनह) | – | – | ने छ (खाने छ) | ने छे (खाने छे) | ने छन् (खाने छन्) |
| सामान्य आदर | – | – | – | ने छन् (खाने छन्) | ने छिन्(खाने छिन्) | नेछन् (खाने छन्) |

मैथिली र नेपाली भाषामा पक्ष अनुसारका कालका रूपलाई निम्नानुसार प्रस्तुत गरिएको छ-

**तालिका नं.-३२**

| पक्ष | काल | मैथिली भाषा | नेपाली भाषा |
|---|---|---|---|
| सामान्य | वर्तमान | इत छी (खाइत छी) | छौँ (खान्छौँ) |
| | भूत | एलहुँ (खयलहुँ) | यौँ (खायौँ) |
| | भविष्यत् | एब (खएब) | नेछौँ (खानेछौं) |
| अपूर्ण पूर्ण | वर्तमान<br>भूत<br>भविष्यत् | रहल छी (खा रहल छी)<br>इत छलौ (खाइत छलौँ)<br>इत रहब (खाइत रहब) | छौ (खाँदै छौं)<br>यौँ (खाँदै थियौँ)<br>नेछौँ (खादै हुनेछौँ) |
| पूर्ण | वर्तमान | खा नेने छी | खाएका छौँ |
| | भूत | खा नेने छलहुं | खाएका थियौँ |
| | भविष्यत् | खा नेने रहब | खाएका हुने छौँ |
| अज्ञात | भूत | ने छी (खेने छी) | एछौँ (खाएछौँ) |
| अभ्यस्त | वर्तमान | × | × |
| | भूत | इत छलहुँ (खाइत छलहुँ) | यौँ (खान्थ्यौँ) |
| | भविष्यत् | × | × |

### ५.१.४ सारांशः

दुवै भाषामा काल क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि हो । दुबै भाषामा धातुमा लगाइने रूपायक प्रत्ययबाट कालको बोध गराइन्छ । मैथिलीमा सामान्य, अपूर्ण र पूर्ण पक्षमा एकै प्रकारका रूपबाट कालको सङ्केत गरिएको पाइन्छ। यो प्रक्रिया नेपाली भाषामा समानता पाइन्छ। मैथिली भाषामा क्रियाको लिङ्ग र वचन भेद पाइँदैन तर नेपालीमा क्रियाको लिङ्ग र वचन भेद पाइन्छ।

### ५.२. पक्ष :

पक्षले खास कालको परिवेशभित्र क्रियाको प्रकृति तथा बितरणलाई जनाउँछ । नेपालीमा पक्ष जनाउन क्रियापदका अलग्गै रूपहरू हुदैनन् । कृदन्तीय क्रियासँग कालिक क्रियापदको योगबाट पक्ष जनाइन्छ (अधिकारी : २०५५:पृ.११९) ।

यहाँ नेपाली भाषाका सापेक्षतामा मैथिली भाषामा रहेका पक्ष व्यवस्थालाई व्यतिरेकी अध्ययन गर्ने प्रयास गरिएको छ -

### ५.२.१. सामान्य पक्ष :

सामान्य पक्षले काल विशेषमा क्रियाको सामान्य कार्य व्यापारको बोध गराउँछ, यसले क्रियाको व्यापार पूरा हुनु वा नहुनुलाई सङ्केत गर्दैन । पक्षबोधक क्रियापद नजोडिने हुनाले यसलाई सामान्य पक्ष भनिएको हो ।

यहाँ मैथिली र नेपाली भाषामा सामान्य पक्षको व्यतिरेकी अध्ययन यसप्रकार गरिएको छ -

**तालिका नं. ३३**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| हम भात खाइत छी । | म भात खान्छु। |
| हम भात खेलहुँ । | मैले भात खाएँ। |
| हम भात खायब । | म भात खाने छु। |

### ५.२.२. अपूर्ण पक्ष :

यस पक्षले कार्यको अपूर्णता वा निरन्तरता जनाउँछ। यो एक भन्दा बढी कालिक परिवेशमा आउन सक्छ।

मैथिली र नेपाली भाषाको अपूर्ण पक्षको व्यतिरेकी अध्ययन यस प्रकार छ -

**तालिका नं. ३४**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| हम किताब पढ़ि रहल छी । | म किताब पढ्दै छु । |
| हम किताब पढ़ैत छलहुँ । | म किताब पढ्दै थिएँ । |
| हम किताब पढ़ैत रहब । | म किताब पढ्दै हुने छु । |

माथि प्रयोग गरिएको 'रहल/ऐत' रूपबाट मैथिली भाषामा र तै/दै रूपबाट नेपालीमा अपूर्ण पक्षको बोध गराइएको पाइन्छ ।

### ५.२.३. पूर्ण पक्ष

पूर्ण पक्षले कार्यको सिद्धी वा पूर्णता जनाई एक भन्दा बढी कालिक परिवेशमा आउँछ । मैथिली र नेपाली भाषामा पूर्ण पक्षको व्यतिरेकी अध्ययन यस प्रकार रहेको छ -

**तालिका नं. ३५**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| हम किताब किनने छी । | मैले किताब किनेको छु । |
| हम किताब किनने छलौं । | मैले किताब किनेको थिएँ । |
| हम किताब किनने रहब । | मैले किताब किनेको हुनेछु । |

यसरी मैथिली र नेपाली भाषामा क्रमशः 'ने' र 'एको', 'एकी' रूपबाट पूर्ण पक्षको बोध गराइएको पाइन्छ । यसमा मुख्य क्रिया र सहायक क्रियालाई पदवियोग गर्ने कुरामा दुबै भाषामा समानता पाइन्छ । नेपालीमा धातुमा जोडिने रूपहरू 'एको' 'एका', 'एकी' कर्ताको लिङ्ग, वचन, पुरुष, आदर आदिको आधारमा प्रयोग गरिन्छन् । यस्तो अवस्थामा क्रियारूप कर्ताअनुसार फरक-फरक हुन्छन् भने मैथिली भाषामा एउटै पूर्णबोधक रूप 'ने' लागेको पाइन्छ । दुबै भाषामा तीन वटै कालमा पूर्ण पक्ष पाइन्छन् ।

### ५.२.४. अभ्यस्त पक्ष :

कार्यको आवृत्ति वा अभ्यस्त स्वभाव जनाउने पक्षलाई अभ्यस्त पक्ष भनिन्छ । मैथिली र नेपाली भाषाका अभ्यस्त पक्षलाई व्यतिरेकी अध्ययनको लागि तालिका प्रस्तुत गरिएको छ -

**तालिका नं. ३६**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|

| | |
|---|---|
| ओ सिगरेट पिवैत छलैक । | उनी चुरोट पिउँथे । |
| राम खूब हँसैत छल । | राम खुव हाँस्थ्यो । |

मैथिली भाषामा 'छलैक', 'छल' रूपसँग तृतीय पुरुष सामान्य आदरार्थी भूतकालिन अभ्यस्त पक्ष जनाएको पाइन्छ । यसमा अन्य पुरुषमा अभ्यस्त पक्ष रहेको पाइँदैन । नेपालीमा धातुमा थ्+य् रूपबाट भूतकालिन अभ्यस्त पक्षको बोध गराइन्छ । दुबै भाषामा अभ्यस्त पक्ष भूतकालमा मात्र पाइन्छ ।

**५.२.५. अज्ञात पक्ष :**

पहिले थाह नभई पछि मात्र थाहा भएको अवस्था जनाउनेलाई अज्ञात पक्ष भनिन्छ । यसमा 'ए' प्रत्ययान्त कृदन्तीय क्रियासँग वर्तमानकालिक 'छ' का रूपहरूको योगबाट बनेका प्रयोगहरूले क्रियाको अज्ञात्ता व्यक्त गर्दछन् । नेपालीमा भूतकालिक रूप र वर्तमान कालिक रूपहरूको संयोगबाट अज्ञात पक्ष बनेको पाइन्छ । स्तरीय मैथिली भाषामा अज्ञात पक्ष नरहेको कुरा अध्ययनबाट पुष्टि भएको छ । नेपाली भाषामा अज्ञात पक्षको उदाहरण निम्नानुसार रहेका छन् -

तालिका नं.-३७

| **मैथिली भाषा** | **नेपाली भाषा** |
|---|---|
| हम पास भ'गेलौं ।<br>तौँ पोखरा गेल छह ।<br>ओ गीत गयने अछि । | म पास भएँछु ।<br>तिमी पोखरा गएछौ ।<br>उसले गीत गाएछ । |

मैथिली भाषामा व्याकरणिक व्यवस्था नभए पनि मैथिलीका वक्ताहरू भने माथिको उदाहरण बमोजिम अज्ञात भूतकालको प्रयोग गर्दछन् ।

**५.२.६. सारांशः**


नेपाली भाषामा सामान्य अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात गरी जम्मा पाँच पक्ष रहेका छन् भने मैथिली भाषामा अज्ञात पक्ष बाहेक अन्य नेपाली भाषाका झैँ सामान्य अपूर्ण पूर्ण र अभ्यस्त पक्षहरू रहेका छन् । दुबै भाषामा सामान्य, अपूर्ण र पूर्ण पक्ष तीन वटै कालमा पाइन्छन् भने अभ्यस्त पक्ष भूतकालमा मात्र पाइन्छ । दुबै भाषामा कालबोधक रूपबाट सामान्य पक्षको बोध गराइएको पाइन्छ भने पक्ष बोधक रूपहरू बेग्ला-बेग्लै पाइन्छन् । मैथिली भाषामा व्याकरणिक व्यवस्था नभए पनि मैथिलीका वक्ताहरू भने माथिको उदाहरण बमोजिम अज्ञातभूतकालको प्रयोग गर्दछन् ।

**५.३. भाव :**

क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृत्ति जनाउने कोटिलाई भाव वा वृत्ति हो । क्रियाको वास्तविक अर्थसँग वक्ता वा लेखकको अभिबृद्धि समेत प्रकट गर्ने क्रियारूप नै हो ।

नेपालीमा व्याकरणात्मक दृष्टिले चिन्हित हुन सक्ने भाव मुख्यतः तीन किसिमका छन् । विध्यर्थ, संभावनार्थ र सङ्केतार्थ ।

नेपाली क्रियामा प्रयुक्त हुने भावहरूको भेद वा उपभेद तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ -




नेपाली भाषाका सापेक्षतामा मैथिली भाषाका भावहरूको व्यतिरेकी अध्ययन गर्ने प्रयास गरिएको छ -

### ५.३.१. सामान्यार्थक भावः

कुनै विशेष भाव नजनाई वाक्यको सामान्य अवधारण मात्र बुझाउनु नै सामान्यार्थक हो । वाक्यको क्रियापदबाट वक्ताको मनोभावना निश्चित रूपमा प्रकट हुनाले यसलाई निश्चयार्थक पनि भनिन्छ । यहाँ मैथिली र नेपालीमा सामान्यर्थक भावको व्यतिरेकी अध्ययनका लागि निम्न तालिका प्रस्तुत गरिएको छ-

**तालिका नं.-३८**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| ओ भात खाइत अछि । | ऊ भात खान्छ । |
| ओ भात खयलक । | उसले भात खायो । |
| ओ भात खायत । | ऊ भात खाने छ । |

माथिको तालिकाबाट मैथिली भाषामा ‘अछि’, ‘लक’, ‘यत’ र नेपालीमा ‘छ’ ‘य’ ‘नेछ’ रूपबाट सामान्यर्थक बोध गराइएको छ । यसरी दुबै भाषामा कालबोधक रूपबाट सामान्यर्थक बोध गराइएको पाइन्छ ।

### ५.३.२. विध्यर्थक भाव :

आज्ञा र इच्छाको मनोभाव बुझाउनु नै विध्यर्थ हो । नेपालीमा विध्यर्थक भावलाई आज्ञार्थक र इच्छार्थकमा विभाजन गरिन्छ । मैथिली भाषामा विध्यर्थक भावलाई नेपाली भाषाका सापेक्षतामा व्यतिरेकी अध्ययन गर्ने प्रयास गरिएको छ -

### ५.३.२.१.आज्ञार्थक भाव :

वक्ता वा लेखकको आज्ञा, आदेश आदि वृत्ति बुझाउने क्रियारूप नै आज्ञार्थक हो । आज्ञार्थक भाव द्वितीय पुरुषमा मात्र हुन्छ । नेपाली भाषा र मैथिली भाषाको आज्ञार्थक भावको व्यतिरेकी अध्ययनको लागि निम्न उदाहरण सहयोगी हुनेछ -

**तालिका नं.-३९**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| (तूँ) घर जो । | (तँ) घर जा । |
| तोँ घरमे बैस । | तिमी घरमा बस । |
| अहाँ घर जाउ । | तपाईँ घर जानुहोस् । |

माथिको तालिकामा मैथिली भाषामा ओ, ऐस, उ, रूप र नेपालीमा आ, ०, ऊ, नुहोस् आदि रूपबाट आज्ञार्थक बोध गराइएको पाइन्छ । दुबै भाषामा आज्ञार्थक वाक्यमा कर्ता रहन र नरहन सक्ने व्यवस्थामा समानता पाइन्छ । द्वितीय पुरुषमा मात्र आज्ञार्थक बोध गराइने कुरामा एकरूपता पाइन्छ ।

### ५.३.२.२ इच्छार्थक भाव :

वक्ता वा लेखकको अनुरोध, अनुनय, विन्ती, प्रार्थना, इच्छा आदि वृत्ति बुझाउने भावलाई इच्छार्थक भाव भनिन्छ । इच्छार्थक तीनै पुरुषमा हुन्छ । यहाँ मैथिली भाषाको इच्छार्थकलाई नेपाली भाषाको सापेक्षतामा व्यतिरेकी अध्ययन गरिने प्रयास गरिएको छ -

**तालिका नं.- ४०**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| हम पाठ पढ़ी । | म पाठ पढूँ । |
| हमसभ विद्यालय चली । | हामी विद्यालय जाऔं । |
| ओसभ सफल होथु । | उनीहरू सफल होऊन । |
| ईश्वर सभहक रक्षा करथु । | ईश्वरले सबैको रक्षा गरून् । |
| तोँ पास भ'जाय । | तिमी पास भए । |

दुबै भाषामा इच्छार्थक भाव तीनै पुरुषमा भएको पाइन्छ ।

**५.३.३. अनिश्चयार्थक भाव :**

क्रियाबाट व्यक्त हुने अर्थ अनिश्चित रूपमा प्रकट हुने अवस्थालाई अनिश्चयार्थक भाव भनिन्छ । नेपालीमा अनिश्चयार्थक भावलाई सम्भावनार्थक र सङ्केतार्थक गरी दुई भागमा विभाजन गरिएको पाइन्छ । यहाँ मैथिली भाषाको अनिश्चयार्थक भावलाई नेपाली भाषाको सापेक्षतामा अध्ययन गर्ने प्रयास गरिएको छ -

**५.३.३.१. संभावनार्थक भावः**

वाक्यको क्रियापदबाट अड्कल, अनुमानका साथै अनिश्चय अर्थ बुझाउनु नै सम्भावनार्थक भाव हो । मैथिली र नेपाली भाषाका सम्भावनार्थक वाक्यहरूको अध्ययन यस्तो रहेको छ -

**तालिका नं.- ४१**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| ओ भात खयने होयत । | उसले भात खाएको होला । |
| तूँ विराटनगर गेल हेबह । | तँ विराटनगर गएको होलास् । |
| बेटा काल्हि आओत । | छोरो भोलि आउला । |

माथिको तालिकामा मैथिली भाषामा सम्भावनार्थक भाव जनाउन भविष्यत् कालकै क्रियारूपहरू 'त', 'ह' र नेपालीमा 'ल' रूप प्रयोग पाइएको छ । नेपालीका सबै पुरुष लिङ्ग र वचनका क्रियामा रूपायन गर्ने प्रत्ययहरू लागेका छन् तर मैथिलीमा यो प्रक्रिया पाइँदैन ।

**५.३.३.२ सङ्केतार्थक भावः**

कार्यकारण सम्बन्ध जनाउने क्रियापदलाई सङ्केतार्थक भाव भनिन्छ । वाक्यमा दुईओटा क्रियापद हुन्छन् र तीमध्ये एउटाले कारण र अर्कोले कार्यलाई बुझाउँछ । तल नेपाली र मैथिली भाषामा रहेका सङ्केतार्थक भावहरूको व्यतिरेकी अध्ययनको प्रयास गरिएको छ ।

**तालिका नं.-४२**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| रौद भेलासँ गर्मी बढ़ैत अछि । | घाम लाग्यो भने गर्मी बढ्छ । |
| परिश्रम कएलासँ मीठ फल भेटैत अछि । | परिश्रम गरे मीठो फल पाइन्छ । |
| पानि पड़लासँ फसिल सपरैत अछि । | पानी पर्दा बाली सप्रिन्छ । |

मैथिली भाषामा सङ्केतार्थक भाव जनाउन 'सँ' रूपको प्रयोग गरिएको पाइन्छ । नेपालीमा 'भने' संयोजक र असमापिका क्रियाको सन्दर्भमा 'ए', 'आ' प्रत्यय जोडेर सङ्केतार्थक भाव बोध गराइएको पाइन्छ ।

**५.३.४. प्रश्नार्थक भाव :**

क्रियापदले वक्ताको जिज्ञासा प्रकट गर्दछ भने त्यसलाई प्रश्नार्थक भाव भनिन्छ । के, कुन, कहाँ आदि प्रश्नार्थक सर्वनाम, वाक्यको अन्त्यमा प्रश्नसूचक (?) चिन्हको प्रयोग र उच्च सुर लहरबाट पनि प्रश्नार्थक भावबोध गराइएको पाइन्छ । मैथिली र नेपाली भाषाका प्रश्नार्थक वाक्यहरू प्रयोगको व्यतिरेकी अध्ययन यसप्रकार गरिएको छ -

**तालिका नं.- ४३**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| तोहर नाम की छियह ? | तिम्रो नाम के हो ? |
| तौँ कत रहए छह ? | तिमी कहाँ बस्छौ ? |
| तोरा केहन मित्र नीक लगैत छह ? | तिमीलाई कस्तो साथी मनपर्छ ? |
| राम घर जाइत अछि ? | राम घर जान्छ ? |

माथिको तालिकाको अध्ययन गर्दा मैथिली र नेपाली दुबै भाषामा क्रियापदभन्दा अगाडि आएका क्रमशः की, कत, केहन, के, कहाँ, कस्तो आदि सर्वनाम, विशेषण र क्रिया विशेषणले वाक्यलाई प्रश्नार्थक बनाएका छन् । दुबै भाषामा उच्च सुर लहरबाट पनि प्रश्नार्थकबोध भएको पाइन्छ । दुबै भाषामा प्रश्नार्थक बुझाउने चिन्ह (?) मा समानता छ भने प्रश्नार्थक जनाउने रूप फरक-फरक रहेका छन् ।

**५.३.५. करण र अकरण भाव :**

सकारात्मक अर्थ बुझाउने वाक्यलाई करण र नकारात्मक (निषेधात्मक) अर्थ बुझाउने वाक्य अकरण हो । क्रियामा 'न' थपेर वाक्यलाई अकरण गरिन्छ भने 'न' झिकेर करण गरिन्छ । जस्तै-

**तालिका नं.-४४**

| मैथिली भाषा | | नेपाली भाषा | |
|---|---|---|---|
| करण | अकरण | करण | अकरण |
| राम घर जाइत अछि । | राम घर नहि जाइत अछि । | राम घर जान्छ । | राम घर जाँदैन । |
| हम काज करैत छलहुँ । | हम काज नहि करैत छलहुँ । | म काम गर्थे । | म काम गर्दिनथेँ । |
| तौँ जाह । | तौँ नहि जाह । | तिमी जाऊ । | तिमी नजाऊ । |
| तूँ जो । | तूँ नहि जो । | तँ जा । | तँ नजा । |

यहाँ मैथिलीमा 'नहि' रूप र नेपालीमा 'न' रूपबाट अकरण बोध गराइएको पाइन्छ । दुबै भाषामा करणलाई अकरण बनाउन 'न' को रूप जोड्ने प्रक्रियामा समानता पाइन्छ ।

**५.३.६. प्रेरणार्थक भाव :**

कुनै कार्यव्यापार वा अवस्था कसै वा केहीबाट प्रेरित भएर भएको हो जनाउने भाव प्रेरणार्थक हो । यहाँ मैथिली र नेपाली भाषाका प्रेरणार्थक वाक्यको व्यतिरेकी अध्ययन गर्ने प्रयास गरिएको छ -

तालिका नं.- ४५

| **मैथिलीभाषा** | | **नेपाली भाषा** | |
|---|---|---|---|
| करण | अकरण | अप्रेरणार्थक | प्रेरणार्थक अकरण |
| ओ हँसल । | हम ओकरा हँसेलहुँ । | ऊ हाँस्यो । | मैले उसलाई हँसाए । |
| राम किताब पढ़तै अछि । | हम रामके किताब पढ़ाबैत छी । | राम किताब पढ्छ । | म रामलाई किताब पढाउँछु । |
| तोँ गीत सुनैछह | हम तोरा गीत सुनवैत छिअह । | तिमी गीत सुन्छौ । | म तिमीलाई गीत सुनाउँछु । |

माथिको तालिकाबाट मैथिली भाषामा अप्रेरणार्थक वाक्यलाई प्रेरणार्थक बनाउँदा क्रियाको धातुमा 'ए', 'ऐ', 'आ' रूप र नेपालीमा 'आउ' प्रत्यय लगाउने क्रिया पाइएको छ । दुबै भाषामा प्रेरणार्थक वाक्यमा अप्रेरणार्थक वाक्यको कर्तालाई कर्म बनाई अर्को प्रेरक कर्ता थप्ने प्रक्रियामा समानता पाइन्छ ।

**५.३.७. सारांशः**

मैथिली र नेपाली दुबै भाषामा भाव क्रियासँग सम्बद्ध देखिन्छ । दुबै भाषामा क्रियाबाट सामान्यार्थक, विध्यर्थक, अनिश्चयार्थक, प्रेरणार्थक करण-अकरण भावको बोध गराइएको पाइन्छ । प्रश्नार्थक, प्रेरणार्थक, करण-अकरण बोध गराउने प्रक्रियामा दुबै भाषामा समानता पाइन्छ । प्रश्नार्थक भाव जनाउन प्रश्न चिन्ह (?) सर्वनाम, विशेषण, क्रिया विशेषण प्रयोगमा समानता पाइएको छ, भने प्रेरणार्थक भावमा प्रेरक कर्ता थप्ने प्रक्रिया र करणलाई अकरण बनाउने प्रक्रियामा क्रियापदमा 'न, नहि, नइँ' को रूप जोड्ने प्रक्रियामा धेरै हदसम्म समानता पाइएको छ ।

**५.४. वाच्य :**

कर्ता, कर्म वा भावअनुसार क्रियाको रूप परिवर्तन हुने प्रक्रियालाई वाच्य भनिन्छ । वाक्यमा आउने क्रिया र नामको सम्बन्धलाई वाच्य भनिन्छ । कुनै पनि वाक्यमा क्रियाको भनाइले प्रत्यक्ष रूपमा कर्ता, कर्म र  भावसँग सम्बन्ध राखेको हुन्छ ।

वाक्यमा कर्ता, कर्म वा भाव (क्रिया) मध्ये कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक युक्ति नै वाच्य हो । यो मुख्यतः क्रियासँग सम्बन्धित भएर व्यक्त हुन्छ । वाक्यत्तवको प्रधानता/वाच्यता आधारमा नेपालीमा वाच्यहरू तीन किसिमका मानिन्छन्- कर्तृवाच्य, कर्म वाच्य र भाव वाच्य । यहाँ मैथिली भाषाको

वाच्य व्यवस्थालाई नेपाली भाषाको सापेक्षतामा व्यतिरेकी अध्ययन गर्ने प्रयास गरिएको छ -

**तालिका नं.- ४६**

| **मैथिली भाषा** | **नेपाली भाषा** |
|---|---|
| राम भात खाइत छैक । | राम भात खान्छ । |
| रामक द्वारा भात खायल जाइत अछि । | रामद्वारा भात खाइन्छ । |
| एहि गप्पपर हँसल जाइत अछि । | यस कुरामा हाँसिन्छ । |

माथि तालिकामा दिइएको वाच्यहरूले दुबै भाषाको वाच्य व्यवस्थालाई स्पष्ट पारेका छन् । यहाँ पहिलो वाक्यको क्रियापदले कर्ता (राम) सँग र दोस्रो वाक्यको क्रियापदले कर्म (भात) सँग सङ्गति कायम गरेको छ । त्यसैले पहिलो वाक्यमा कर्ताको प्रधानता र दोस्रो वाक्यमा कर्मको प्रधानता रहन गई क्रियापदसँग सम्बन्ध स्थापित भएकोले यी दुईले वाच्यहरू क्रमशः कर्तृ वाच्य र कर्म वाच्य धातुका वाक्यलाई सङ्केत गरेका छन् । त्यसैगरी तेस्रो वाक्यमा क्रियापदको सम्बन्ध क्रियाको भावसँग भएकोले यसले भाव वाच्यलाई सङ्केत गरेको छ । यहाँ नेपाली भाषाका सापेक्षतामा मैथिली भाषामा पनि वाच्य तीन रहने र कर्तृ वाच्य सकर्मक र अकर्मक क्रियापदबाट बन्ने साथै कर्म र भाव वाच्य क्रमशः सकर्मक र अकर्मक क्रियापदबाट मात्र बन्न सक्ने कुरामा समानता पाइएको छ

### ५.४.१. कर्तृ वाच्य :

वाक्यमा कर्ता प्रधान वा वाच्य भई प्रयोग हुने व्याकरणात्मक युक्तिलाई कर्तृ वाच्य भनिन्छ । कर्तृ वाच्यको प्रयोग अकर्मक, सकर्मक दुबै क्रियाहरूमा हुन्छ । यहाँ मैथिली र नेपाली भाषाका कर्तृ वाच्यका वाक्यहरूको व्यतिरेकी अध्ययन गर्न निम्न उदाहरण सहयोगी हुनेछन् -

**तालिका नं.- ४७**

| **मैथिली भाषा** | **नेपाली भाषा** |
|---|---|
| हम काल्हि एतए रहब । | म भोलि यहीँ बस्छु । |

| | |
|---|---|
| तौं कहिया अएबह ? | तिमी कहिले आउछौं ? |
| राम किताब पढ़ैत अछि । | राम किताब पढ्छ । |
| पुलिस चोरकैं पकड़लक । | पुलिसले चोर पक्रियो । |

माथिको तालिकाबाट मैथिली र नेपाली भाषा दुबैमा सकर्मक र अकर्मक दुबै क्रियामा कर्तृ वाच्यको प्रयोग भएको देखिन्छ । मैथिली र नेपाली भाषामा कर्तृ वाच्य अर्थगत दृष्टिले समानता पाइएको देखिन्छ ।

**५.४.२. कर्म वाच्य :**

कर्मप्रधान भई बन्ने क्रियाका रूपहरूलाई कर्म वाच्य भनिन्छ । यसमा सकर्मक क्रियाको मात्र प्रयोग हुन्छ । यस वाच्यमा कर्मको लिङ्ग, वचन, पुरुष आदि अनुसार क्रियापदको प्रयोग हुन्छ । यस वाच्यमा कर्मप्रधान हुने हुँदा कर्ता लोप हुन पनि सक्छ ।

यहाँ मैथिली र नेपाली भाषाका कर्म वाच्ययुक्त वाक्यहरूको व्यतिरेकी अध्ययन गर्ने प्रयास गरिएको छ-

**तालिका नं.-४८**

| मैथिली भाषा | नेपाली भाषा |
|---|---|
| हमरासँ किताब पढ़ल जाइत अछि । | मबाट किताब पढिन्छ । |
| हमरा सभकद्वारा निर्माण कएल जाइत अछि । | हामीद्वारा निर्माण गरिन्छ । |
| रामक द्वारा भात खायल गेल । | रामद्वारा भात खाइयो । |

मैथिली भाषामा कर्मवाच्य बनाउँदा धातुमा 'अल' थपिएर त्यसमा कालबोधक रूप लगाइन्छ । त्यसैगरी नेपालीमा कर्म वाच्य बनाउँदा धातुमा 'ई' रूपायक प्रत्यय लगाइन्छ । दुबै भाषामा कर्तृ वाच्यमा रहेको कर्मले कर्ताको स्थान लिने कुरामा समानता पाइन्छ । मैथिली र नेपाली दुबै भाषामा कर्म वाच्यमा कर्ता लोप वा गौण हुन्छ । यसरी कर्म वाच्य बनाउदा कर्तृ वाच्यको कर्तामा मैथिली भाषामा 'सँ'/'द्वारा' र नेपालीमा 'बाट'/'द्वारा' जोडिन्छ । यसरी दुबै भाषाको कर्म वाच्यको व्यवस्थामा अर्थगत समानता र रूपगत तथा ध्वनिगत असमानता रहेको पाइन्छ ।

**५.४.३. भाव वाच्य :**

भाव (सम्पन्न हुने काम) प्रधान भई बन्ने क्रियाका रूपहरूलाई भाव वाच्य भनिन्छ । यसमा अकर्मक क्रियाको प्रयोग हुन्छ । यसमा तृतीय पुरुष, पुलिङ्ग र एकवचन क्रियाको रूपमात्र प्रयोग गरिन्छ । यसमा प्रायः कर्ता लोप हुने गर्दछ । यहाँ मैथिली र नेपाली भाषाका भाव वाच्ययुक्त वाक्यहरूको व्यतिरेकी अध्ययन गर्ने प्रयास गरिएको छ ।

**तालिका नं.- ४९**

| मैथिली भाषा | नेपाली भाषा |
| --- | --- |
| काल्हि एतहि रहल जायत । | भोलि यहीँ बसिन्छ । |
| कहिया आयल गेल ? | कहिले आइयो ? |
| एहि गप्पपर हँसल जाइत अछि । | यस कुरामा हाँसिन्छ । |

माथिको तालिकाबाट मैथिली भाषामा अकर्मक क्रियाको भाव वाच्य बनाउँदा क्रियामा 'जा' धातु सहित त्यसका कालबोधक प्रत्ययहरू लगाइन्छ भने नेपालीमा 'इ' प्रत्यय लगाइन्छ । भाव वाच्यमा कर्ता र कर्म नरहने प्रक्रिया दुबै भाषामा समानता पाइएको छ ।

### ५.४.४. सारांशः

मैथिली र नेपाली दुबै भाषामा कर्ता, कर्म र भाव गरी वाच्य तीन प्रकारका रहेको पाइन्छ । दुबै भाषामा कर्तृ वाच्य सकर्मक र अकर्मक क्रियाबाट र कर्म वाच्य सकर्मक साथै भाव वाच्य अकर्मक क्रियाबाट हुने कुरामा समान व्यवस्था रहेको पाइन्छ । नेपाली भाषामा कर्म वाच्य र भाव वाच्यमा क्रियाको धातुमा 'इ' प्रत्यय र मैथिली भाषामा क्रियामा 'जा' धातु सहित त्यसका कालबोधक रूपायक प्रत्ययहरू लाग्ने व्यवस्था पाइएको छ । दुबै भाषामा वाच्य व्यवस्थामा संरचनागत र अर्थगत दृष्टिले समानता पाइन्छ भने रूपगत र ध्वनिगत दृष्टिले भिन्नता पाइएको छ ।

# अध्याय- छ

## त्रुटिक्षेत्रको पहिचान र निराकरणका उपायहरू

सन् १९७० पछि भाषा शिक्षणमा त्रुटिविश्लेषणको उपयोग गर्न थालिएको हो । भाषा सिकाइका क्रममा सिकारुले गर्ने विभिन्न प्रकृतिका त्रुटिहरूको पहिचानले भाषा सिकाइमा सहयोग गर्दछ । त्रुटिहरूलाई विभिन्न आधारमा हेर्नसकिन्छ । त्रुटिहरूलाई भाषिक एकाइका आधार सिकाइ प्रक्रिया, त्रुटिगत प्रकृति एवम् प्रवृत्तिका आधारमा पहिचान, गर्न सकिन्छ । कतिपय आधारमा केन्द्रित भइ यहाँ मैथिली भाषीले स्तरीय नेपाली भाषा प्रयोगमा गर्ने त्रुटिक्षेत्रको पहिचान र निराकरणका उपायहरू खोज्ने प्रयास सोदाहरण प्रस्तुत गरिएको छ ।

### ६.१. भाषिक एकाइका दृष्टिले त्रुटिहरू:

सिकारुले केही सिक्नु अघि गल्ती गर्न स्वभाविक मानिन्छ । भाषिक एकाइगत त्रुटिहरू रूपमा वर्ण, वर्णविन्यास, रूप, पदावली, वाक्य, अर्थ, सङ्कथन आदिलाई लिइन्छ । वर्णगत त्रुटिहरू मौखिक भाषाको उच्चारणसँग र वर्णविन्यासगत त्रुटिहरू लिखित भाषासँग सम्बन्धित छन् ।

### ६.१.१ उच्चारगत त्रुटिहरू:

वर्ण र वर्णहरूको उच्चारण विन्याससँग सम्बन्धित त्रुटिहरू उच्चारणसँग सम्बन्धित मानिन्छन् । यस खाले त्रुटिहरू वर्ण, अक्षर र शब्दको तहसम्म देख्न सकिन्छ । शब्दोच्चारणका आधारमा निम्नानुसारका त्रुटिहरूको पहिचान गर्न सकिन्छ ।

| **नेपाली रूप** | **मैथिली रूप** |
|---|---|
| विराटनगर | विनाटनगर |
| हनुमाननगर | हनुमानलगर |
| नारायण | लारायन |
| किताब | कितាप |
| कापी | कोपी आदि । |

यहाँ मैथिली मातृभाषी वक्ताले शब्दोच्चारण गर्दा हुने उच्चारणगत त्रुटिका आधारमा हुने रूपलाई मैथिली रूपमा देखाइएको छ ।

**६.१.२. लिपिजनित तथा वर्णविन्यासगत त्रुटिहरू :**

लेखाइ लिपिको बनोट तथा आकार प्रकार खुल्न नसक्दा पनि त्रुटि हुन्छ । यस्ता त्रुटिहरू भाषाहरूको लेखनमा स्थापित तथा मानक नियमहरूको अनुसारण नगरी हुन्छन् लिपिजनित तथा वर्णविन्यासगत त्रुटिहरू निम्नानुसार पाइन्छन् -

| **शुद्ध रूप** | **अशुद्ध रूप** |
|---|---|
| सलाई | शलाई |
| निर्माण | निरमान |
| अगाडि | अगारी |
| पछाडि | पछारी |
| बिरामी | बिमारी |

माथिका शब्दहरू नेपाली भाषामा भएका शुद्ध रूप र नेपाली भाषा सिकारू मैथिली मातृभाषीले स्तरीय भाषा लेख्दा गर्ने त्रुटिपूर्ण शब्दहरू हुन् । यहाँ मैथिली भाषीले 'ड' लाई 'र' र 'ऐ' लाई 'ए' उच्चारण गरेका आधारमा लेख्यरूप त्रुटिपूर्ण भएको छ ।

**६.१.३. रूपगत त्रुटि :**

शब्दहरूको रूपायन र व्युत्पादनसम्बन्धी त्रुटिहरूलाई रूपगत त्रुटि मानिएको छ । यस्ता त्रुटिहरूमा मुख्यतः व्याकरणात्मक कोटिसँग सम्बन्धित त्रुटिहरू पर्दछन् । (अधिकारी, २०५९:पृ.१३०)

(क) वर्तमानकालिक बहुवचनको अकरण रूप 'न्' को स्वरयुक्त 'न' लोप भएर प्रयोग हुन्छ ।

| **अशुद्ध रूप** | **शुद्ध रूप** |
|---|---|
| पढ्दैन | पढ्दैनन् |
| खोज्दैन | खोज्दैनन् |

(ख) आदररहित एकवचन बुझाउने सर्वनाममा 'हरू' जोडेर बहुवचन बनाउन खोज्छन् ।

| **अशुद्ध रूप** | **शुद्ध रूप** |
|---|---|
| महरू | हामीहरू |
| तँहरू | तिमीहरू |
| त्योहरू | तिमीहरू |

(ग) विभक्तिसहितका शब्दहरू तिर्यक् रूपमा प्रयुक्त हुन नसक्नु ।

| **अशुद्ध रूप** | **शुद्ध रूप** |
|---|---|
| जोलाई | जसलाई |
| कोले ? | कसले |

(घ) प्रेरणार्थक क्रियापदका रूपहरूको गलत प्रयोग हुनु ।

| अशुद्ध रूप | शुद्ध रूप |
|---|---|
| सकाउँछ | सक्नलगाउँछ |
| मगवाउँछु | मगाउँछु |
| लगवाउँछ | लगाउँछ |

माथिका उदाहरणबाट के प्रष्ट हुन्छ भने मैथिली भाषा मातृभाषा हुने सिकारूले नेपाली भाषा सिक्ने क्रममा गर्ने त्रुटिहरूलाई अशुद्ध रूपका शब्दहरूबाट देखाइएको छ ।

### ६.१.४. पदावलीगत त्रुटिहरू:

एकभन्दा बढी शब्दद्वारा बनेका शब्दभन्दा माथिल्ला भाषिक संरचनामा देखापर्ने त्रुटिहरूलाई पदावलीगत त्रुटि भनिन्छ । यी निम्न प्रकृतिका पाइन्छन् -

(क) बहुवचनमा विशेष्यअनुसार विशेषणमा सङ्गति नमिल्नु :

| अशुद्ध रूप | शुद्ध रूप |
|---|---|
| त्यो कलमहरू | ती कलमहरू |
| आफ्नो साथीहरू | आफ्ना साथीहरू |
| होचो घरहरू | होचा घरहरू |

माथिका पदावलीहरूले नेपाली भाषामा रहेका शुद्ध रूपहरू र मैथिली भाषीले नेपाली सिक्ता गर्ने त्रुटिपूर्ण भाषिक संरचनालाई अशुद्ध रूपमा रहेका पदावलीले सङ्केत गरेका छन् ।

(ख) बहुवचनमा विशेष्यका साथै विशेषणमा सङ्गति नमिल्नु :

| अशुद्ध रूप | शुद्ध रूप |
|---|---|
| तिम्रो किताबहरू | तिमा किताबहरू |
| पातलो मानिसहरू | पातला मानिसहरू |

(ग) स्त्रीलिङ्ग विशेष्य अनुसार विशेषणमा सङ्गति नमिल्नु :

| अशुद्ध रूप | शुद्ध रूप |
|---|---|
| तिम्रो बहिनी | तिम्री बहिनी |
| मेरो आमा | मेरी आमा |

(घ) आदरार्थी विशेष्य अनुसार विशेषणमा सङ्गति नमिल्नु -

| **अशुद्ध रूप** | **शुद्ध रूप** |
|---|---|
| तपाईंको दाजु | तपाईंका दाजु |
| मेरो भिनाजु | मेरा भिनाजु |

**६.१.५. वाक्यगत त्रुटिहरू:**

कर्ता र क्रियापद, विशेषण र विशेष्य, पदक्रमका साथै वाक्यगत जटिलताबाट देखापर्ने त्रुटिहरूलाई वाक्यगत त्रुटि भनिन्छ । यिनको पहिचानका लागि निम्न प्रयोहरू सान्दर्भिक मानिन्छन् -

(क) वाक्यमा कर्ता र क्रियापद, विशेष्य र विशेषणका बीच सङ्गति नमिल्नु :

| **अशुद्ध रूप** | **शुद्ध रूप** |
|---|---|
| उनीहरूले धेरै पढेको छन् । | उनीहरूले धेरै पढेका छन् । |
| मेरी श्रीमती आउनुभयो । | मेरी श्रीमती आइन् । |
| यिनी मेरो बहिनी हुन् । | यिनी मेरी बहिनी हुन् । |

(ख) पदक्रमको गलत प्रयोग :

| **अशुद्ध रूप** | **शुद्ध रूप** |
|---|---|
| उसको दाजु लाटो आइपुग्यो । | उसको लाटो दाजु आइपुग्यो । |

**६.१.६ अर्थगत त्रुटिहरू :**

(क) 'हो' का सन्दर्भमा 'छ' को प्रयोग हुनु -

| **अशुद्ध रूप** | **शुद्ध रूप** |
|---|---|
| मेरो नाम रमेश छ । | मेरो नाम रमेश हो । |
| मेरो घर उदयपुर छ । | मेरो घर उदयपुर हो । |

(ख) मातृभाषाको प्रभावमा शब्दको छनोट हुनु-

| **अशुद्ध रूप** | **शुद्ध रूप** |
|---|---|
| रमेश स्कूल पुइगगयो । | रमेश स्कूल पुग्यो । |
| उसले आँप खाइलियो । | उसले आँप खायो । |
| ऊ किताप पइढरहेको छ । | ऊ किताब पढ्दै छ । |

### ६.१.७ सङ्कथनगत त्रुटिः

सर्वनाम, काल, पक्ष र आदरार्थीको प्रयोगमा सङ्कथनगत त्रुटि देखा पर्दछन् । जस्तै -

| अशुद्ध रूप | शुद्धरूप |
|---|---|
| राम मेरो साथी हुन् ।<br>ऊ मिलनसार छ । | राम मेरा साथी हुन् । उनी मिलनसार छन् । |
| सर घरमा छ ।<br>उसले हामीलाई पढाउनुहुन्छ । | सर घरमा हुनुहुन्छ ।<br>उहाँ हामीलाई पढाउनुहुन्छ । |

६.२. **सिकाइ प्रक्रियागत त्रुटिहरू :**

यस प्रकृतिका त्रुटिहरू सिकाइ अपूर्ण भएको अवस्था पाइन्छन् ।

जस्तै -

| **अशुद्धरूप** | **शुद्धरूप** |
|---|---|
| उसले चिठी लिख्यो । | उसले चिठी लेख्यो । |
| मैले रामलाई बोलाएको छ । | मैले रामलाई बोलाएको छु । |

भाषिका व्यवस्थाको पूर्ण ज्ञान नहुँदा यस प्रकृतिका त्रुटिहरू हुन्छन् ।

६.३. **अतिसामान्यीकरणगत त्रुटिः**

(क) करण क्रियापदमा आउने 'खान्छ' 'हुन्छ' आदिमा देखिने 'न' को सामान्यीकरण अकरण क्रियापदमा पनि सो 'न' को प्रयोग देखिनु -

| अशुद्ध रूप | शुद्ध रूप |
|---|---|
| हुँन्दैन | हुँदैन |
| खाँन्दैन | खाँदैन |

(ख) भूत काल र पूर्णपक्ष जवाउने 'ज' र 'हु' धातुमा क्रियापदमा वर्तमान तथा अपूर्ण पक्षको रूपहरूको सामान्यीकरण गर्नाले हुने त्रुटि । जस्तै -

| **अशुद्धरूप** | **शुद्धरूप** |
|---|---|
| रमेश घर जायो । | रमेश घर गयो । |
| ऊ ठूलो हुयो । | ऊ ठूलो भयो । |

यसरी मैथिली मातृभाषी वक्ताले नेपाली भाषा सिक्ता गर्ने त्रुटिक्षेत्रलाई भाषिक संरचना, एकाइगत सिकाइ प्रक्रिया, स्रोत स्वरूप आदि विभिन्न आधारमा पहिचान गर्न सकिन्छ ।

### ६.४. त्रुटिनिराकरणका उपायहरूः

त्रुटि क्षेत्रको पहिचान पछि सिकारूले भाषा सिक्तै गरेको अवस्था तथा चरणमा रहेका त्रुटिहरूलाई चाहि क्रमशः निराकरण गर्दै लैजान सकिन्छ । यसरी त्रुटिहरू पहिचानपश्चात् ती त्रुटिहरूको निराकरणका लागि निम्न उपायहरू अपनाउन सकिन्छ -

(१) समस्याको परिभाषा दिने र अभ्यासका लागि उत्प्रेरणा जगाउने ।

(२) उपयुक्त विकल्प खोजी गरी शुद्ध प्रयोगको अभ्यास गराउने ।

(३) त्रुटिका बारेमा सिकारूसँग छलफल गर्ने,

(४) व्याकरणात्मक नियम बताउने र अभ्यास गराउने,

(५) त्रुटि हटाउन शुद्ध पारी लेख्न लगाउने,

(६) प्रुफ पढ्न लगाउने,

(७) सहपाठीले गरेको कार्य ध्यान दिन लगाउने,

(८) शुद्ध अभ्यासमा जोड दिने आदि कार्य गराउनु पर्दछ ।

यसरी विभिन्न उपाय अपनाई स्तरीय नेपाली सिक्ता मैथिली भाषी सिकारूले गर्ने त्रुटिहरूको निराकरण गरी अपेक्षित उपलब्धि हाँसिल गर्न सकिन्छ ।

# अध्याय -सात

## उपसंहार

### ७.१ निष्कर्ष :

प्रस्तुत **"स्तरीय मैथिली भाषा र स्तरीय नेपाली भाषाका व्याकरणिक कोटिको व्यतिरेकी अध्ययन"** शीर्षकको शोधपत्रको पहिलो अध्यायमा शोध परिचय प्रस्तुत गरी दोश्रो अध्यायमा व्यतिरेकी विश्लेषणको सैद्धान्तिक अवधारणा साथै तेस्रो अध्यायमा मैथिली भाषाको वर्तमान स्थिति र स्तरीय मैथिली भाषाको व्याकरणात्मक स्वरूपका बारेमा चर्चा गरिएको छ । चौथो अध्यायमा नेपाली र स्तरीय मैथिली भाषाको लिङ्ग वचन, पुरुष, आदर र कारक–विभक्तिका आधारमा व्यतिरेकी अध्ययन गरिएको छ भने पाँचौ अध्यायमा काल, पक्ष, भाव र वाच्यका आधारमा व्यतिरेकी अध्ययन गरिएको छ । छैटौँ अध्यायमा स्तरीय मैथिली भाषीले स्तरीय नेपाली भाषा प्रयोगमा गर्ने त्रुटि क्षेत्रको पहिचान र निराकरणका उपाय साथै सातौं अध्यायमा उपसंहार र त्यसपछि सन्दर्भ-ग्रन्थ सूची राखिएका छन् ।

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्नानुसार बुँदागत गरी प्रस्तुत गरिएको छ -

(१) मैथिली भाषा संस्कृतको मागधी प्राकृतबाट विकसित भारोपेली भाषा परिवारको भाषा हो ।

(२) मैथिली भाषा नेपाली पछिको दोस्रो स्थानमा रहेको भाषा हो ।

(३) नेपालको कूल जनसङ्ख्याको १२.४ प्रतिशत नेपालीले मैथिली भाषा बोल्दछन् ।

(४) नेपालमा विद्याजीवी जातिका बोली र कृषिजीवी जातिका बोली गरी मैथिली भाषाको २ वटा मुख्य स्थानीय भेद रहेका छन् । यसभित्र अनेकन् उपभेद छन् जसको अध्ययन भइसकेको छैन ।

(५) स्तरीय मैथिली भाषा सप्तरी र मधुवनी क्षेत्रसँग सम्बन्धित रहेको छ । यो भाषाको तिरहुता वा मिथिलाक्षर नामक आफ्नै लिपि भए पनि सजिलो र सबैले बुझून् भनी देवनागरी लिपिमा लेखिन्छ । प्राचीन ग्रन्थहरू तिरहुता लिपिमा लेखिएको पाइएको छ ।

(६) नेपालका पूर्वी तराईका जिल्लाहरूका साथै भारतका नेपाल नजिकका राज्यहरूमा मैथिली भाषीहरूको बाक्लो बस्ती पाइन्छ ।

(७) मैथिली भाषाका पनि विभिन्न भाषिका र उपभाषिकाहरू रहेका छन् जसमध्ये स्तरीय मैथिली भाषा पनि एक हो ।

(८) भौगोलिक भिन्नताका आधारमा मैथिली भाषामा धेरै वटा क्षेत्रीय भेदहरू रहेका छन् ।

(९) नेपालमा शिक्षित वक्ताहरूले व्यवहार गर्ने मैथिली भाषा नै स्तरीय मैथिली भाषा हो ।

(१०) स्तरीय मैथिली भाषामा भएका कतिपय कुराहरू लेखाइअनुसार उच्चारण हुँदैनन् ।

(११) नेपाली र स्तरीय मैथिली भाषामा पुलिङ्ग र स्त्रीलिङ्ग गरी २ प्रकारका लिङ्ग पाइएका छन् । उभयलिङ्ग र नपुंसकलिङ्ग भित्र पर्ने सबै कुरालाई ती दुबैमा अटाएको पाइन्छ ।

(१२) दुबै भाषामा लिङ्ग; नाम, विशेषणसँग सम्बद्व पाइएको छ तर मैथिली भाषामा धेरै जसो ठाउँमा क्रियाको लिङ्ग भेद नरहेको देखिन्छ । दुबै भाषामा स्त्रीलिङ्गवोधक 'ई' रूपको प्रयोगमा समानता पाइन्छ ।

(१३) नेपाली र मैथिली दुबै भाषामा एकवचन र बहुवचन गरी दुई प्रकारका वचन पाइएका छन् । दुबै भाषामा नाम, सर्वनाम र विशेषणमा वचन भेद पाइएका छन् । मैथिली भाषामा क्रियाको वचन भेद नगरिने र नेपालीमा गरिने व्यवस्था रहेको पाइन्छ । बहुवचन बनाउने शब्द मूल शब्दसँग जोडिएको हुन्छ ।

(१४) मैथिली र नेपाली दुबै भाषामा प्रथम, द्वितीय र तृतीय गरी तीन वटा पुरुष रहेको देखिन्छ । दुबै भाषामा सर्वनाम र क्रियाको पुरुषबोध गराउँदा भिन्नाभिन्नै रूपको प्रयोग देखिन्छ ।

(१५) दुबै भाषामा कारक-विभक्ति अर्थका आधारमा सात र रूपका आधारमा दुई कारकको व्यवस्था रहेको पाइएको छ भने दुबैमा कारक बुझाउन आउने विभक्ति समानता नरहेको पाइयो तर एउटै विभक्ति दोहोरिने प्रक्रियामा समानता पाइएको छ ।

(१६) दुबै भाषामा वर्तमान, भूत र भविष्यत् गरी तीन काल पाइएका छन् ।

(१७) मैथिली भाषामा चार पक्ष र नेपालीमा पाँच पक्ष रहेको पाइएको छ । नेपालीमा सामान्य, अपूर्ण, पूर्ण अज्ञात र अभ्यस्त पक्ष रहेको देखियो भने मैथिलीमा अज्ञात पक्ष बाहेका अन्य चार पक्ष रहेको पाइएको छ ।

(१७) दुबै भाषामा सामान्यार्थक, इच्छार्थक, आज्ञार्थक, सङ्केतार्थक, संभावनार्थक, प्रश्नार्थक र करण-अकरण भाव रहेका छन् ।

(१८) नेपाली र मैथिली दुबै भाषामा वाच्य कर्तृ, कर्म र भाव गरी तीन वटा रहेका छन्  । दुबै भाषामा कर्तृवाच्य सकर्मक र अकर्मक कर्मवाच्य सकर्मक र भाववाच्य अकर्मक हुने समान व्यवस्था पाइएको छ ।

प्रस्तुत अध्ययन अनुसन्धान मैथिली भाषाको भाषिक र शैक्षिक व्याकरणको सिङ्गो अध्ययन नभएर सप्तरी जिल्लाका तिलाठी गाविस, राजविराज नगरपालिका र त्यस वरपरका मैथिली भाषी मूल वक्ताहरूको बसोवासको क्षेत्रलाई केन्द्रमानी स्तरीय मैथिली भाषाका व्याकरणात्मक स्वरूपहरूलाई नेपाली भाषाको सापेक्षतामा व्यतिरेकी अध्ययन गर्ने प्रयास स्वरूप सम्पन्न भएको हो ।

## ७.२. शैक्षणिक उपयोग :

यस अनुसन्धानात्मक कार्यलाई निम्न क्षेत्रमा उपयोग गर्न सकिन्छ-

१. नेपाली भाषाका सापेक्षतामा मैथिली भाषाको व्याकरणात्मक व्यवस्थाको निकटतालाई पहिचान गरी उपयोग गर्न चाहने अध्येताहरूका लागि उपलब्धिमूलक हुने छ।

२. स्तरीय मैथिली भाषाको शैक्षणिक व्याकरण लेख्न प्रयास गर्नेहरूको लागि सहयोग हुने छ।

३. स्तरीय मैथिली भाषाको शुद्ध रूप र विशेषता पहिचान गर्न प्रस्तुत शोधपत्र सहयोगी हुने छ।

४. मैथिली मातृभाषीहरूले दोस्रो भाषाका रूपमा नेपाली सिक्ता त्रुटि र समस्याहरू पहिचान गरी समाधानका उपायहरू अवलम्वन गर्न र भाषिक उपलब्धि हासिल गर्न समेत सहयोगी हुने छ।

५. मैथिली मातृभाषीहरूको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भसामग्री प्रकाशन गरी मातृभाषामा शिक्षा दिन समेत सहयोगी हुने छ।

## ७.३. सुझाव :

प्रस्तुत शोधपत्रको अध्ययनपश्चात् निम्न सुझाबहरू सूत्रवद्ध गरिएका छन्-

१. लामो ऐतिहासिक परम्परा बोकेको र नेपाली भाषा पछि बहुसङ्ख्यक नेपालीहरूले मातृभाषाको रूपमा बोल्ने भाषा भएकोले मैथिली भाषाको संस्थागत अध्ययन अनुसन्धान हुन आवश्यक छ। मैथिली भाषाको भाषिक अध्ययनका साथै धर्म, परम्परा, संस्कृति र लोकसाहित्यको समेत अध्ययन गरिनु पर्दछ।

२. भाषिक एकरूपताको अभावमा मैथिली भाषामा रहेको कोमलता हराउने खतरा बढेको हुँदा मैथिली भाषा तथा भाषिकाहरूको क्षेत्रीय र सामाजिक भेदहरूको अध्ययनका साथै मानकरूप निर्धारण र व्याकरण निर्माण गरिनु आवश्यक छ।

३. शैक्षणिक प्रयोगमा मैथिली भाषालाई स्थान दिनुका साथै भाषाको शब्दकोश, व्याकरण निर्माणमा सो भाषामा दक्षता प्राप्त भाषाविज्ञलाई स्थान दिनु आवश्यक छ।

४. नेपालको अन्तरिम संविधान २०६३ ले सम्पूर्ण मातृभाषालाई राष्ट्रभाषा मानेकोले मैथिली भाषाको पाठ्यपुस्तक तथा अन्य सन्दर्भ-सामग्रीहरूको व्यवस्था गरी मैथिली भाषालाई प्रमुख स्थान दिनु पर्दछ।

५. मैथिली भाषासम्बन्धी अध्ययन तथा खोज अनुसन्धान गर्न सहयोग र प्रोत्साहन गरिनु पर्दछ।

६. उच्च शिक्षामा मैथिली भाषा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई ऐच्छिक विषयको रूपमा उक्त भाषाको अध्ययनको वातावरण तयार हुनुपर्छ।

७. ठूलासाना सबै खाले पुस्तकालयहरूमा मैथिली भाषा, साहित्यका सामग्रीहरू उपलब्ध हुनुपर्दछ।

# सन्दर्भ-ग्रन्थ सूची


१. अधिकारी, हेमाङ्गराज (२०५५), **समसामयिक नेपाली व्याकरण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

२............................... (२०५९), **भाषा शिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

३. ..............................(२०६२), **सामाजिक र प्रयोगिक भाषाविज्ञान**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

४. आचार्य, नन्दलाल (२०६८), 'कुरा मैथिलीको', **हिमाल** खबरपत्रिका (वर्ष-२१, अङ्क-१४, पूर्णाङ्क-२९८)

५ गडेरी, सत्यनारायण (२०५४), **नेपाली र मैथिली भाषाका पदसङ्गतिको तुलना,** एम. ए. को शोधपत्र, त्रि.वि.वि. ।

६. घोष, शंकर (सं.) (२००३ ई.), **युनिक सामान्य अध्ययन**, दिल्ली : युनिक पब्लिकेसन्स ।

७. चन्द्रेश, उमाकान्त (सं) (२०१०ई.), **अर्पण**, दरभङ्गा : विद्यापति सेवा संस्थान, अङक-२७ ।

८. चौधरी, अभितकुमार; आचार्य, नन्दलाल र मिश्र, देवेन्द्र (२०६७-०६८), 'भाषा सिकाइ', राजविराज : **शिक्षा-दीक्षा** शैक्षिक पत्रिका, पूर्णाङ्क १-१० ।

९. झा, पं. गोविन्द, (१९७९ ई.), **उच्चत्तर मैथिली व्याकरण**, पटना : मैथिली अकादमी ।

१०. ......................(१९७० ई.), **आधुनिक मैथिली व्याकरण रचना प्रवेश**, दरभङ्गा : ग्रन्थालय प्रकाशन ।

११. झा, डा. दुर्गानाथ (१९९१ ई.), **मैथिली साहित्यक इतिहास**, दरभङ्गा : भारती प्रकाशन केन्द्र ।

१२. झा, डा. बालगोविन्द (१९७६ ई.), **आधुनिक मैथिली व्याकरण आ रचना**, दरभङ्गा : भारती प्रकाशन केन्द्र ।

१३. झा, सुनिलकुमार, **मैथिली : सम आस्पेक्ट अफ इटस् फोनेटिक्स एण्ड फोनोलोजी,** विद्यावारिधि शोधग्रन्थ ।

१४. झा, डा. सुनिलकुमार; मिश्र, देवेन्द्र (सं) **वाणी**, राजविराज : मैथिली साहित्य परिषद्, वार्षिक अङ्क-२०३७, ०५३, ०६५, ०६८, ०६९ ।

१५. ढकाल, घनश्याम (सं) लगायत अन्य (२०६७), **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य**, काठमाडौं : अखिल नेपाल लेखक संघ ।

१६. ...................... (२०६२), **यथार्थवादी नेपाली समालोचना**, पोखरा : गण्डकी साहित्य संगम ।

१७. पराजुली, कृष्णप्रसाद (सं)(२०४०), **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

१८. पोखरेल, बालकृष्ण (२०४३), **राष्ट्रभाषा,** ललितपुर : साझा प्रकाशन ।

१९. पौडेल, नेत्रप्रसाद र खनाल, गणेशप्रसाद (२०६३), **नवीन नेपाली व्याकरण**, काठमाडौँ : पैरवी प्रकाशन ।

२०. बन्धु, चूडामणि (२०५२), **नेपाली भाषाको उत्पति**, काठमाडौँ : साझा प्रकाशन ।

२१ बराल, डा. ईश्वर (सं.) लगायत अरू (२०५५), **नेपाली साहित्यकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

२२. भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण**, काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

२३ मलङ्गिया, महेन्द्र (सं.) लगायत अन्य (२०६६), **मैथिली,** भक्तपुर : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, कक्षा १० ।

२४............................., (२०६२), **मैथिली,** भक्तपुर : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, कक्षा ९ ।

२५. मिश्र, जनआनन्द (सं), **मिथिला,** राजविराज : मैथिली मिडिया प्रा.लि., साप्ताहिकका विविध अङ्क ।

२६. मिश्र, देवेन्द्र (२०६६), **बगियाक गाछ,** ललितपुर : साझा प्रकाशन ।

२७. ..................(२०६७) **मैथिली सामान्य ज्ञान**, राजविराज : मैथिली साहित्य परिषद् ।

२८. शर्मा, दीप्ति (१९७५ ई.), **व्याकरणिक कोटियोका विश्लेषणात्मक अध्ययन,** पटना : हिन्दी ग्रन्थ अकादमी ।

२९. शर्मा, मोहनराज (२०६०), **शब्दरचना र वर्णविन्यास**, काठमाडौँ : नवीन प्रकाशन ।

३०. ...................र बराल, कृष्णहरि (२०५०), **भाषाविज्ञान र नेपाली भाषा**, काठमाडौँ : काठमाडौँ बुक सेन्टर ।

३१ .....................र लुइँटेल, खगेन्द्रप्रसाद (२०५२), **शोधविधि**, काठमाडौँ : साझा प्रकाशन ।